विज्ञापन बुकिङ तथा प्रकाशित गर्नु परेमा
Email: rajdhanimarketing76@gmail.com
सम्पर्क ०१-४८११०८०
बजार व्यवस्थापन विभाग
राजधानी न्युज पब्लिकेसन प्रा.लि
Ext. १०२, ११४

लोकप्रिय राष्ट्रिय दैनिक
www.rajdhanidaily.com

# राजधानी

वर्ष २५, अंक २६५ बुधबार २७ फागुन २०८२, नेपाल संवत ११४६ | RAJDHANI Nepali National Daily | Wednesday 11 March 2026 | पृष्ठ : ८ | मूल्य रु. ५०/-

राजधानी
@RajdhaniRastriyaDainik
@Rajdhani.Daily
RajdhaniDailyNepal
@Rajdhani.Dainik
@Rajdhani_Daily
LIKE & FOLLOW

## काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहर



काठमाडौंमा वायु प्रदूषण बढेसँगै माइतीघरबाट मंगलबार पृष्ठभूमिमा विश्व सम्पदामा सूचीकृत स्यम्भूनाथसहितको धुम्मिएको दृश्य । केही दिनदेखि उपत्यकाको प्रदूषण क्रमिक बढ्दै गएको छ । मंलगबार वायु प्रदूषण '१७६ एक्युआई' मापण हुँदा काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहर बन्ने पुगेको छ । तस्बिर : राजधानी

# पुराना दलभित्र नेतृत्व र नीति फेर्न दबाब

पार्टी प्रमुख, केन्द्रीय पदाधिकारीसहित वरिष्ठ नेताहरू नै निर्वाचनमा पराजित भएपछि पार्टी नेतृत्वले राजीनामा दिनुपर्ने र मौजुदा नीतिमा निर्मम समीक्षासहित फेरबदलका आवाज उठेको छ

**सुभाष साह / राजधानी**
काठमाडौं, २६ फागुन

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा अपेक्षित परिणाम ल्याउन नसकेपछि कांग्रेस, एमाले नेकपालगायतका पुराना राजनीतिक दलभित्र नीति र नेतृत्व दुवै फेर्न दबाब बढेको छ ।

पार्टी प्रमुख, केन्द्रीय पदाधिकारीसहित वरिष्ठ नेताहरू नै निर्वाचनमा पराजित भएपछि पार्टी नेतृत्वले राजीनामा दिनुपर्ने र मौजुदा नीतिमा निर्मम समीक्षासहित फेरबदलका आवाज उठेको हो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी नेपाल (जसपा)सहितका दलमा पार्टी अध्यक्षले राजीनामा दिनुपर्ने दबाब सोही पार्टीका नेताहरूले दिन थालेका छन् ।

विशेष महाधिवेशनबाट कांग्रेस सभापति भएका गगनकुमार थापासहित पदाधिकारीहरू नै निर्वाचनमा लज्जास्पद हार व्यहोर्नुपरेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीसहितका पदाधिकारीसमेत निर्वाचनमा लज्जास्पद हार व्यहोरेका छन् ।

नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' निर्वाचनमा विजयी भएका छन् । तर सो पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितका वरिष्ठ नेताहरू पराजित भएका छन् । जसपा अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसहित मधेशवादी दलका सबै उम्मेदवार पराजित भएका छन् । निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झन्डै अभूतपूर्व बहुमत ल्याएको छ । चार वर्षअघि गठन भएको दल निर्वाचनबाट शक्तिशाली दल बनेको छ । तर, लामो इतिहास भएका दलहरू कांग्रेस, एमाले, नेकपा, जसपा सहितका दलहरूले लज्जास्पद हार व्यहोरेपछि पार्टी नेतृत्वको आलोचनासमेत भइरहेको छ ।

लामो समयदेखि नेतृत्वमा रहेको, पार्टी नेतृत्व हस्तान्तरण र पुस्तान्तरण गर्न नचाहेको, पार्टीलाई समेत बलियो बनाउन नसकेको, निर्वाचनमा आफैं लज्जास्पद हार व्यहोरेको, नेताहरूलाई विजयी गराउन नसकेको लगायतका विभिन्न कारण नेतृत्वमाथि राजीनामाको दबाब बढेको हो ।

निर्वाचन परिणाम सार्वजनिक भएपछि एमाले उपमहासचिव योगेश भट्टराईले निर्वाचनबाट 'नीति र नेतृत्वलाई जनताले मतमार्फत अस्वीकार गरे' भन्दै पार्टी नेतृत्वलाई राजीनामाका लागि दबाब दिएका छन् ।

'निर्वाचनमा आफ्नो मतमार्फत जनताले हाम्रो नीति र नेतृत्वलाई शान्तिपूर्ण रूपले अस्वीकृति गरेका छन् । यो आजको वस्तुगत यथार्थ हो । हामीले आफूभित्र सर्वांगीण रूपान्तरणमार्फत जनसमर्थन पुनः आर्जनको बाटो लिनु पर्दछ,' उपमहासचिव भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन् ।

बाँकी पृष्ठ ३ मा

# बढ्दै प्रत्यक्ष जित्ने महिला

समानुपातिकबाट ७७ महिला, कुन दलबाट कति ?

- २०१५ सालमा एकजना निर्वाचित
- २०४८ को प्रतिनिधिसभा निर्वाचननबाट ८ जना ३ दशमलव ९० प्रतिशत
- २०५१ को प्रतिनिधिसभा निर्वाचनमा ७ जना ३दशमलव ४१ प्रतिशत
- २०५६ को प्रतिनिधिसभा निर्वाचनमा १२ जना ५ दशमलव ८५ प्रतिशत
- २०६४ को संविधानसभा निर्वाचनमा ३० जना १० दशमलव ९० प्रतिशत
- २०७० को संविधानसभा निर्वाचनमा १० जना ३ दशमलव ६३ प्रतिशत
- २०७४ को प्रतिनिधिसभा निर्वाचनमा ६ जना ३ दशमलव ६३ प्रतिशत
- २०७९ को प्रतिनिधिसभा निर्वाचनमा ९ जना ५ दशमलव ४५ प्रतिशत
- २०८२ को प्रतिनिधिसभा निर्वाचनमा १४ जना ८ दशमलव ४८ प्रतिशत



**अमृतनाथ तिमल्सिना / राजधानी**
काठमाडौं, २६ फागुन

प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट सहभागी हुने महिला संख्या बढेको पाइएको छ । २०७२ को संविधानमा व्यवस्था भएअनुसार ३३ प्रतिशत महिला सहभागिता अनिवार्य भएपछि संसद् सदस्यमा प्रत्यक्ष निर्वाचित हुने संख्यामा उल्लेखनीय वृद्धि भएको छ । १६५ प्रत्यक्ष निर्वाचित हुने क्षेत्रहरूमध्ये ८ दशमलव ४८ प्रतिशत अर्थात १४ जनाले निर्वाचन जितेका छन् । यो संख्या गत प्रतिनिधिसभा निर्वाचनमा ५ दशमलव ४५ प्रतिशतमा सीमित थियो ।

२०७४ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ निर्वाचित हुनेको संख्या ३ दशमलव ६३ रहेको थियो । २०७२ को संविधान जारी भएपछि प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र विभाजन गरिएको छ भने ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गरी प्रत्यक्षबाट नपुग महिला सदस्यलाई समानुपातिक सहभागितामार्फत सुनिश्चित गरी ३३ प्रतिशत पूरा गर्ने व्यवस्था छ । जेनजी आन्दोलनपछि भएको २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित महिलाको संख्या हालसम्मकै सर्वाधिक २०६४ को भन्दा भने कम हो ।

२०६४ को संविधानसभा निर्वाचनमा ३० जना अर्थात १० दशमलव ९० प्रतिशत महिला प्रत्यक्ष निर्वाचित भएका थिए । दोश्रो संविधानसभा निर्वाचनमा भने १० जना महिला प्रत्यक्ष निर्वाचित थिए । यो संख्या प्रत्यक्ष निर्वाचिततर्फको ३ दशमलव ६३ प्रतिशत हो । २०६२/२०६३ को जनआन्दोलनअघि पनि महिला सहभागिताको विषयमा विभिन्न किसिमका आन्दोलनका कारण सहभागिता भने बढ्दै गएको थियो ।

बाँकी पृष्ठ ३ मा

## समानुपातिकबाट ७७ महिला कसको भागमा कति ?

जेनजी आन्दोलनपछि भएको २१ फागुनको निर्वाचनमा १४ जना महिला प्रत्यक्ष निर्वाचित भएपछि समानुपातिकबाट ७७ जना मनोनित हुने भएका छन् । निर्वाचन आयोगले प्रत्यक्षतर्फको अन्तिम मत परिणाम सार्वजनिक गरेसँगै प्रतिनिधिसभामा समानुपातिकतर्फबाट प्रतिनिधित्व गर्ने महिला संख्या तय भएको हो ।

संसद्को ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने व्यवस्थाका कारण ७७ जना महिला 'थ्रेसहोल्ड' कटाउने ६ दलले प्राप्त गर्ने सिटबाट सहभागि गराउनुपर्ने भएको छ । २७५ सदस्यीय प्रतिनिधिसभामा कम्तीमा ३३ प्रतिशत अर्थात् ९१ महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ । प्रत्यक्षतर्फ १२५ सिट जितेको रास्वपाले समानुपातिकमा प्राप्त मत अनुपात हेर्दा ५८ सिट जित्ने अनुमान गरिएको छ । समानुपातिकतर्फको अन्तिम मत परिणाम घोषणा गरी निर्वाचन आयोगले सिट निर्धारण गर्ने भए पनि हाराहारी यो संख्या अनुमान गर्दा रास्वपाले १८३ सिटको ३३ प्रतिशत अर्थात् ६१ महिला सहभागी गराउनुपर्छ । प्रत्यक्षबाट निर्वाचित १४ जनामध्ये रास्वपाका १३ जना रहेका छन् ।

संसद्को दोस्रो ठूलो दल हुने निश्चित भएको नेपाली कांग्रेसले प्रत्यक्षमा १८ सिट जितेको छ । समानुपातिकतर्फको मत परिणामको आधारमा कांग्रेसले १९ सिट ल्याउने देखिन्छ । यसरी कूल ३७ सिट हुने कांग्रेसले समानुपातिकतर्फ ३३ प्रतिशत महिला सुनिश्चित हुनेगरी समानुपातिक नाम पठाउनुपर्ने हुन्छ । कांग्रेसको कूल सिटको ३३ प्रतिशत अर्थात् १३ महिला संसद्मा हुनुपर्नेमा १ प्रत्यक्षबाट निर्वाचित भएकाले १२ जनालाई समानुपातिकमार्फत सहभागी गराउनुपर्ने हुन्छ ।

बाँकी पृष्ठ ३ मा

६३ प्रतिशत दलले कटाएनन् १० हजार मत

# विप्लव, सिपी, प्रभु र जनार्दनको दललाई लज्जास्पद मत

**राजधानी समाचारदाता**
काठमाडौं, २६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिएका ५७ दलमध्ये ३६ वटा दलले समानुपातिकतर्फ देशभरबाट १० हजार मतसमेत कटाउन नसकेको पाइएको छ । समानुपातिक निर्वाचनमा भाग लिएकामध्ये ६३ दशमलव १६ प्रतिशत दलले १० हजार मत कटाउन नसक्दा ५० प्रतिशत दलले त ५ हजार मत नै कटाउन सकेका छैनन् । भाग लिएकामध्ये २९ दलले ५ हजार मत कटाउन नसकेको देखिएको हो ।

निर्वाचन आयोगले सार्वजनिक गरेको परिणामअनुसार संयुक्त नागरिक पार्टीले देशभरका १६५ निर्वाचन क्षेत्रबाट समानुपातिकतर्फ जम्मा ८ हजार ७ सय ५९ मत ल्याउँदा स्वाभिमान पार्टीले ८ हजार १ सय ३ मत पाएको छ ।

नेपाल जनता पार्टीले ७ हजार ६६ मत, राष्ट्रिय जनमुक्ति पार्टीले ७ हजार २६ मत, राष्ट्रिय एकता दलले ६ हजार ९ सय २५ मत पाएका छन् । चर्चित वामपन्थी नेता सिपी मैनालीले नेतृत्व गरेको दल नेपाल कम्युनिस्ट पार्टी (माले)ले ५ हजार ९ सय ८९ मत ल्याउँदा माधवकुमार नेपालले कारबाही गरेपछि नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)मा समाहित भएका एमालेका पूर्वउपमहासचिव घनश्याम भुषालको पार्टीले पनि देशभरबाट ४ हजार ४ सय ५० मत पाएको छ । नेसनल रिपब्लिक नेपालले ५ हजार ४७ मत ल्याउँदा राष्ट्रिय गौरव पार्टीले ४ हजार ९७८ मत पाएको छ । नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले ४ हजार ७ सय २८ मत ल्याउँदा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले ४ हजार ६२२ मत पाएको छ ।



सीपी मैनाली



जनार्दन शर्मा



प्रभु साह



नेत्रविक्रम चन्द 'विप्लप'

राष्ट्रिय ऊर्जाशील पार्टी नेपालले ४ हजार २८८, समावेशी समाजवादी पार्टीले ४ हजार १ सय ९८ र गतिशील लोकतान्त्रिक पार्टीले ४ हजार ७२ मत पाएको छ । नेपाल लोकतान्त्रिक पार्टीले ३ हजार ९ सय ८२२ मत ल्याउँदा नेपाल मातृभूमि पार्टीले ३ हजार १ सय ४७, राष्ट्रिय जनता पार्टीले २ हजार ८ सय ७० र जय मातृभूमि पार्टीले २ हजार ८ सय ३० मत पाएको छ । ३ हजार मत नकटाउनेमा बहुजन शक्ति पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी र जनअधिकार पार्टी रहेको आयोगको तथ्यांकमा उल्लेख छ ।

समानुपातिकतर्फ देशरभबाट २ हजार मत नकटाउने दलमा नेपाल सद्भावना पार्टी, पिपुल फर्स्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नागरिक शक्ति नेपाल र नेपाली जनश्रमदान पार्टी छन् । नेपाली जनता दल समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी सचेत नेपाली र नागरिक सर्वोच्चता पार्टी (एकल चिह्न सिंह)ले भने १५ सय मत कटाएनन् । १ हजारभन्दा कम मत ल्याउने दलमा जनप्रिय लोकतान्त्रिक पार्टी, मितेरी पार्टी नेपाल, उन्नत लोकतन्त्र पार्टी त्रिमूल नेपाल छन् ।

**प्रभुको दललाई १२ हजार, विप्लवलाई २३ र जनार्दनलाई २४ हजार मत**

२०७९ सालको निर्वाचनमा एमालेबाट विद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिएर चुनाव जितेका प्रभु साहले स्थापना गरेको आम जनता पार्टीले पनि देशभरबाट जम्मा १२ हजार ७ सय ७९ मत पाएको छ । साहको आजपा र जनादेश पार्टीले एकल चिह्न मोबाइलबाट चुनावी प्रतिस्पर्धा गरेका थिए । यो दलले रौतहट क्षेत्र नम्बर-४ मा चर्चित पत्रकार ऋषि धमलालाईसमेत उम्मेदवार बनाएको थियो । तर धमलाले समेत ७ सय मत कटाउन सकेनन् ।

बाँकी पृष्ठ ३ मा

# धार्मिक पर्यटनको केन्द्र बन्दै नवलपुरको दाउन्ने देवी मन्दिर

**रासस**
त्रिवेणी (नवलपरासी), २६ फागुन



नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-२ मा अवस्थित दाउन्ने देवी मन्दिर धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्णस्थलका रूपमा परिचित बन्दै गएको छ । पूर्वपश्चिम राजमार्ग नजिकै दाउन्ने डाँडाको चुचुरोमा अवस्थित यस मन्दिरमा पछिल्लो समय दर्शनार्थीको चाप बढ्दै गएको छ ।

समुद्री सतहबाट करिब तीन हजार ३०० फिट उचाइमा रहेको मन्दिर पुग्न दाउन्ने बजारबाट करिब आधा घण्टा उकालो यात्रा गर्नुपर्छ। यहाँ पूजाआराधना गर्दा मनोकामना पूरा हुने विश्वासका कारण देशका विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन् । भारतीय सीमा क्षेत्र नजिक पर्ने धार्मिकस्थल भएका कारण भारतबाट पनि भक्तजन यहाँ आउने गर्दछन् ।

स्थानीयका अनुसार पाल्पाका राजा मणिमुकुन्द सेनको समयदेखि यस क्षेत्रको धार्मिक महत्व रहँदै आएको जनश्रुति छ। यसकारण दाउन्ने देवी मन्दिर ऐतिहासिक मन्दिरका रूपमा परिचित रहेको दाउन्ने देवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हरिहर सुवेदीले बताए ।

विशेषगरी बडादसैं, चैतेदसैं, श्रीपञ्चमी तथा अन्य पर्वका अवसरमा यहाँ ठूलो मेला लाग्ने गर्दछ। दाउन्ने देवी मन्दिरलाई शक्तिपीठका रूपमा पूजाआराधना गर्ने गरिएको अध्यक्ष सुवेदीले बताए। विवाह, व्रतबन्धलगायत कार्य गर्नका लागि पनि स्थानीयहरू मन्दिरमा आउने गरेको सुवेदीले बताए। यस क्षेत्रमा लक्ष्मीनारायण मन्दिर, शिवालय, गायत्री मन्दिर, गुम्बालगायत धार्मिकस्थल पनि छन् । दाउन्ने देवी मन्दिर व्यवस्थापन समितिले गौशालासमेत सञ्चालन गर्दै आएको अध्यक्ष सुवेदीले जानकारी दिए। सार्वजनिक बिदाका दिन यहाँ भक्तजनको घुइँचो लाग्ने गरेको उनले बताए । 'दसैंका बेला यहाँ भक्तजनको ठूलो घुइँचो लाग्छ भने अन्य समयमा सार्वजनिक बिदाका दिनमा उल्लेख्य भक्तजन आउने गर्छन्,' अध्यक्ष सुवेदीले भने ।

प्राकृतिक रूपमा सुन्दर स्थान भएकाले धार्मिक यात्रामात्र नभई घुमफिरका लागि पनि मानिसहरू यहाँ आउने गरेको उनको भनाइ छ। अध्यक्ष सुवेदीका अनुसार गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यमा दाउन्ने देवी मन्दिर पनि सूचीकृत गरिएको छ । तर राज्यस्तरबाट मन्दिरको विकासका लागि खासै चासो नदिइएको उनले बताए ।

मन्दिरमा भक्तजनहरूले चढाएको भेटीबाट पुजारी व्यवस्थापन, गौशाला सञ्चालन, कर्मचारी व्यवस्थापन तथा मन्दिरको सामान्य व्यवस्थापन गर्ने काम भइरहेको उनले जानकारी दिए । 'राज्यले यस्ता शक्तिपीठहरूको सञ्चालन र व्यवस्थापनमा पनि चासो दिनुपर्छ। यी हाम्रा धार्मिक सम्पदा भएकाले संरक्षणमा पनि पहल गर्नुपर्छ,' अध्यक्ष सुवेदीले भने ।

हालै मन्दिर व्यवस्थापन समितिले अशक्त तथा ज्येष्ठ नागरिकलाई सहज रूपमा मन्दिर पुग्न सक्ने व्यवस्था मिलाउन बाटोको नयाँ मार्ग खोल्ने काम गरेको छ । यातायातका साधन मन्दिरसम्मै पुग्न सकून् भन्ने उद्देश्यले मार्ग खोलिएको भए पनि गिट्टी हालेर स्तरोन्नति गर्न समितिले सकेको छैन। यसका लागि राज्यले सहयोग गरिदिए राम्रो हुने अध्यक्ष सुवेदीको भनाइ छ ।

# विदेश जाने नेपाली विद्यार्थीको पहिलो रोजाइमा जापान

**रासस**
काठमाडौं, २६ फागुन

नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको पहिलो रोजाइमा जापान पर्न थालेको छ भने विदेश गएर सबैभन्दा बढी व्यवस्थापन विषय पढ्ने गरेको पाइएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपालीका लागि दिइएको पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) को गत आर्थिक वर्ष र यस आर्थिक वर्षको पहिलो त्रैमासिकको विवरणमा जापान आकर्षणमा परेको छ ।

जापानी भाषा सिकेर थप पढ्न र काम गर्न जापानमा सहज हुने भएकाले पनि विद्यार्थीको चाप देखिको हो । केही वर्ष अघिसम्म नेपाली विद्यार्थीको पहिलो रोजाइ अष्ट्रेलिया हुने गरेको थियो । यस आर्थिक वर्षको गत १ साउनदेखि असोज मसान्तसम्म कुल २८ हजार ५८५ विद्यार्थीले मन्त्रालयको भक्तपुर (सानोठिमी)स्थित शाखाबाट 'नो अब्जेक्सन लेटर' (एनओसी) लिएको मन्त्रालयले जनाएको छ। त्यसमध्ये जापानका लागि ९ हजार ४५३, अष्ट्रेलियाका लागि ७ हजार ७३० र संयुक्त अधिराज्य बेलायतका लागि ४ हजार ६११ विद्यार्थीले स्वीकृति लिएका छन् । मन्त्रालयको 'नो अब्जेक्सन लेटर' शाखाका प्रमुख वीरेन्द्रजंग थापाले गत फेब्रुअरीमा भएको जापानी भाषा परीक्षाका कारण पछिल्ला दिनमा जापान जाने विद्यार्थी बढेको बताए। उनले मंगलबार केही समय 'एनआईडीसी' को 'सिस्टम डाउन' भएकाले विद्यार्थीलाई छिटो सेवा दिन नसकिएको बताउँदै 'अनलाइन' प्रणालीका आधारमा एनओसी सेवा पाउन आवेदन दिन र स्वीकृतिको प्रणाली विकास गरिएकाले कागजात पूरा गरिएका आवेदकहरूको पालोअनुसार स्वीकृति हुने बताए ।

जापान जाने तयारीमा एनओसीका लागि आवेदन दिएका जुम्लाका नवराज देवकोटाले मंगलबार सो शाखामा विद्यार्थीको निकै भीड भएकाले आफ्नो स्वीकृतिको अवस्थाबारे बुझ्न कठिन भएको गुनासो गरे। देवकोटा जापानको फुकोकास्थित क्युरिन इन्टरनेसनल जापानी भाषा कलेजमा पढ्न जाने तयारीमा छन् । गत आर्थिक वर्ष २०८१/०८२ मा ८४ देशका लागि जम्मा एक लाख २३ हजार ५८९ ले विदेश पढ्नका लागि स्वीकृति लिएका थिए ।

स्वीकृति लिएकामा जापानका लागि अत्यधिक ३९ हजार ८४७ रहेका छन् । यस्तै उत्कृष्ट पाँच गन्तव्य देखिएको मध्येमा बेलायतका लागि २७ हजार ४७५, अष्ट्रेलियाका लागि १६ हजार २७९, दक्षिण कोरियाका लागि नौ हजार ७५७, संयुक्त राज्य अमेरिकाका लागि आठ हजार ८७० छन् ।

अध्ययन गर्ने विषयका आधारमा सबैभन्दा बढी विद्यार्थी व्यवस्थापन विषयका देखिएका छन् । सो विषयमा एक लाख १६ हजार सात सय ८० विद्यार्थीले गत आर्थिक वर्षमा पूर्वस्वीकृति लिएका छन् । यस्तै सूचना प्रविधि विषयमा ३० हजार ७४४, विज्ञान विषयमा २० हजार ६७४ र हस्पिटालिटीमा १४ हजार २३ विद्यार्थी रहेका छन् । मन्त्रालयले विदेशका विश्वविद्यालय र कलेजको आधिकारिकता र शिक्षणका लागि भौतिक पूर्वाधारको अनुकूलताका आधारमा कार्यक्रमगत सूची पनि हालै अद्यावधिक गरेको छ ।

'वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९' (संशोधनसहित) को दफा १८ को उपदफा ४ मा विश्वविद्यालय वा शिक्षण संस्थाको बेबसाइट उपलब्ध रहेको तिनको वरियताक्रम प्रदान गर्ने 'टाइम्स हाइयर एजुकेसन' वा 'क्युएस वर्ल्ड युनिभर्सिटी र्‍यांकिङ'को वरियता सूचीमा रहेकाहरूको सूची यही ११ फागुनमा मन्त्रालयले अध्यावधिक गरेको हो ।

मन्त्रालयले आफूलाई ती मुलुकका आधिकारिक च्यानलबाट प्राप्त जानकारीका आधारमा चीन, अष्ट्रेलिया, नर्वे, युएइ, संयुक्त अधिराज्य बेलायत, आयरल्याण्ड, स्पेन, माल्टा, संयुक्त राज्य अमेरिका, जर्मनी, इटली, लिथुवानिया, गणतन्त्र कोरिया, कतार र माल्दोभाका विश्वविद्यालय र कलेजसम्बन्धी आधकारिक सूचना प्रदान हुने पोर्टलहरू प्रकाशन गरेको छ


**VACANCY ANNOUNCEMENT**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

MOFA - (2 Female)
DOFE - (2 female)
RECEPTIONIST - (2 Female)
Should have experience in related field.
SALARY 20000-35000
SEND YOUR CV: admin@luluintl.com
01-4979151

**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu.Nepal
Mob.: 9851083549 || 9818065184



**साउदीमा रोजगारी** | COMPANY: **ROYAL SWEETS ESTABLISHMENT** | पून:विज्ञापन
Pre Approval Date: 2025/08/13 | Chalani No. 60243143 | LOT No. 329115 | City: Hafar Al-Batin

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOAD AND UNLOAD | 1 | 0 | 1000 | ३९,१३३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/१२/०४ (18 March 2026) म्यानपावरको कार्यालय सामाखुसीमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | १०००० |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail: info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website: alamaloverseas.com



**मलेशियामा रोजगारी** | COMPANY: CHONG LEE POULTRY FARM SDN. BHD.
Pre Approval Date: 2026/03/10 | Chalani No. 60253295 | LOT No. 339961 | City: . KAWASAN PERINDUSTR

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AGRICULTURE LABOUR | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६३,५४०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/१२/०४ गते (18 March 2026) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Harmony Talent Nexus Pvt. Ltd.**
Govt. License 1696/080/081
Mid Baneshwor(Miteri Marg)-31, Kathmandu, Nepal
Phone: +977-1-5921526, 5921527, 9801358577, Email:info@harmonytalent.com.np



**QATAR रोजगारी** | COMPANY: ENERGETIC NP TRADING CONTRACTING AND SERVICES WLL
Pre Approval Date: 2025/11/23 | Chalani No. 60247661 | LOT No. 333973 | City: Qatar

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 1 | 0 | 1200 | ६७,३१७/- | सम्बन्धित काममा दक्ष | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/१२/०४ (18 March 2026) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Himalayan Gorkha H.R Solution Pvt. Ltd.**
Govt. License 1586/079/080
Koteshwor kathmandu, Nepal | Phone: +977-1-5915660, 9869324338, 9869009640, 9849913982, 9861361453, 9767301551,9851168772
Email:himalayangorkhahr15@gmail.com, Web: himalayangorkhahr.com
Foreign Employment Consultancy



**साउदी अरबमा रोजगारी** | COMPANY: **BAIT AL GHABBAN TRADING AND CONTRACTING COMPANY**
पूर्व स्वीकृति २०२६/०२/२७ | चलानी नं. ६०२५३२८५ | लट नं. ३३९६४८ | शहर: AL BALAD

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 2 | 0 | 1000 | ३८,८०३/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/११/२७ गते (11 March 2026) म्यानपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | रू. १०००० |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**AL RAWASI AL ASRIAH RECRUITMENT PVT. LTD.**
License No.: 1658/080/081
Samakhusi 26, Ranibari Road, Kathmandu, Nepal, Phone no.: 01- 4975222, Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com, Website: https://www.alrawasi.com.np/



**SAUDI ARABIA मा रोजगारी** | COMPANY:AL MASAR INTERNATIONAL TRANSPORT COMPANY
Pre Approval Date:2026/03/10 | Chalani No.60253289 | LOT No.339844 | City: Riyadh

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY DRIVER TRAILER | 5 | 0 | 1800 | ७०,५८८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**SAUDI ARABIA मा रोजगारी** | COMPANY:DAR AL-ISNAD FOOD SERVICES COMPANY
Pre Approval Date:2026/03/10 | Chalani No.60253290 | LOT No.339744 | City: KSA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 30 | 0 | 1000 | ३९,२१५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**SAUDI ARABIA मा रोजगारी** | COMPANY:AL-JABR TRADING COMPANY
Pre Approval Date:2026/03/10 | Chalani No.60253291 | LOT No.339691 | City: KSA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE CLEANER | 1 | 0 | 1000 | ३९,२१५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/११/२७ देखी २०८२/१२/०४ गते (2026/03/11 to 2026/03/18) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | रू. १००००/- |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**SAUDI ARABIA मा रोजगारी** | COMPANY:AL MASAR INTERNATIONAL TRANSPORT COMPANY
Pre Approval Date:2025/12/23 | Chalani No.60249452 | LOT No.335849 | City: Riyadh | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TRUCK DRIVER / HEAVY DRIVER | 1 | 0 | 1800 | ७०,५८८/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**SAUDI ARABIA मा रोजगारी** | COMPANY:DAR AL-ISNAD FOOD SERVICES COMPANY
Pre Approval Date:2025/11/27 | Chalani No.60247846 | LOT No.334233 | City: KSA | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 10 | 0 | 1000 | ३९,२१५/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/११/२८ गते (2026/03/12) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | रू. १००००/- |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**TESLA OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1638/080/081
SINAMANGAL-09, SINAMANGAL TOWER, KATHMANDU, NEPAL. TEL: +977-1-5920965, 5920966, 9704540753, 9802353778
E-mail: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np / Web: www.teslaoverseas.com.np



**MALAYSIA मा रोजगारी** | COMPANY:YH RESTAURANT SDN BHD
Pre Approval Date: 2026/03/09 | Chalani No.60253270 | LOT No.339958 | City: JALAN

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 10 | 0 | 1700 | ६३,९०९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**MALAYSIA मा रोजगारी** | COMPANY:KHOO SWEE HOCK HOLDINGS SDN BHD
Pre Approval Date: 2026/03/09 | Chalani No.60253271 | LOT No.339956 | City: PULAU PINANG

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | STORE ASSISTANT | 5 | 0 | 1700 | ६३,९०९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**MALAYSIA मा रोजगारी** | COMPANY:ELK-DESA FURNITURE MARKETING
Pre Approval Date: 2026/03/09 | Chalani No.60253269 | LOT No.339959 | City: JALAN

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER/P.O. | 13 | 0 | 1700 | ६३,९०९/- | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता मिति २०८२/१२/०४ गते (2026/03/18) मेनपावरको कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादेजीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षाकोष | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगादाताले व्यहोर्ने | कामदार आफैले | बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रू. २५९६/- कामदार आफैले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रू. २१००/- कामदार आफैले | रू. १५००/- कामदार आफैले | निःशुल्क |

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**
BASUNDHARA, KATHMANDU, NEPAL, TEL: +977-1-4986936, 4988012, 4988013
E-mail: info@gurungoverseas.com.np, gurungoverseas@gmail.com
Govt. Lic. No. 404/060/061



**ABSOLUTELY ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!**
**पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator ! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

**NAME OF EMPLOYER : TKR PRECISION SDN BHD**
**रोजगारदाताको नाम : टीकेआर प्रेसिजन एसडिएन बीएचडी**
EMPLOYER COMPANY ADDRESS/JOB SITE : KULAI, JOHOR, MALAYSIA
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान : कुलाई, जोहोर, मलेसिया

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | चलानी नं.: ६०२५३२८१ | लट नं.: ३३९९४६
Pre Approval Date: 2026/03/10 | Reference No. 60253281 | LOT No. 339946

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ 1 | उत्पादन / साधारण कामदार Production / General Worke | १५ 15 | ०३ 03 | Able to read, Write & Speak Basic English, do simple mathematical calculation आधारभूत अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने, साधारण गणित | १७०० 1700 | ६३,००० 63000 | As per Company Rule कम्पनी नियम अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

**Employment Terms and Condition / रोजगार नियम र सर्तहरू**

1. **Nature /Scope of Work :** Producing and Assembling stamped metal components
**कार्यको प्रकृती/क्षेत्र**: संयोजन र कुराहरु उत्पादन गर्ने कम्पनी
2. **Work Shift (कार्य शत्र)**:- Day Shift (दिवा शत्र) / Night Shift (रात्रीकालिन शत्र)
3. **Overtime Facility (ओभरटाइम सुविधा)**:- The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies.
मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)
Overtime calculation will be as below: **(ओभरटाइमको गणना निम्नानुसार हुने छ)**:
i) On Normal Days: Salary x 1.5 (सामान्य दिनको तलब ह १.५)
ii) On Sunday/Rest Days: Salary x 2.0 (आइतबार र आराम दिनको तलब ह २.०)
iii) On Public holidays: Salary x 3.0 (सार्वजनिक बिदाको दिनको तलब ह ३.०)
4. **Leave Entitlements & Working Hours (विदा र कार्य घण्टा सम्बन्धी विवरण)**
All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.
(सबैबिदा अधिकारहरू नियमानुसर पूर्ण रुपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागूहुनेछ ।)
**a. Leave Entitlements (विदा सम्बन्धी विवरण)**
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)

**b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)**
Under Malaysian Employment Act, 1995, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९९५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरु, जुन लागू हुनेछ)
- **Weekly Limit:** The Maximum of 45 hours (साप्ताहिक सीमा: अधिकतम ४५ घण्टा)
- **Breaks:** At least 30 minutes a Over working for 5 consecuove hours (विश्राम: लगातार ५ घण्टा काम गरेपछि कम्तीमा ३० मिनेटकोबेक)
- **Rest day:** Will get a day off in a week (आराम दिन: हप्तामा एक दिन बिदा पाउने ।) Workers can return to their home country in the event of an emergency without incurring any penalties.

("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")
5. **Medical and Accident Insurance (मे डिकल र दुर्घ टना बीमा)**: Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ ।
6. Right to freedom of association and collective bargaining will be respected. (संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।)
7. Right to freedom of Religion. **(धर्मको स्वतन्त्रताको अधिकार ।)**
8. Right to Freedom of Movement and allowed to repatriate without any Deposits. (आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।)
9. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
९. स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Management of Social Security fund cost सामाजिक सुरक्षा कोष व्यवस्थापन | Rate of service Charge and who will borne सेवा शुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR 2100/- By the Empolyer ने.रू.२१००/- रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Empolyer ने.रू.१५००/- रोजगारदाताले व्यहोर्ने | NPR 2596/- By the Empolyer ने.रू.२५९६/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)**

1. **Pre-screening Orientation and Preselection Session** (पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्र)
The pre-screening orientation and preselection session will be held on 16th March, 2026 at IMR office premises.
पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्र २०८२ साल चैत्र २ गते कार्यालय परिसरमा सञ्चालन हुनेछ ।
2. **Final Interview** (अन्तिम-अन्तर्वार्ता)
The final interview is scheduled to take place on 18th March, 2026, at IMR office premises.
(अन्तिम-अन्तर्वार्ता मिति २०८२ चैत्र ४ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)
*Note: Attendance at the pre-screening orientation and preselection is mandatory; only preselected applicants will be considered for the final interview.*
(नोटः पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्रमा उपस्थिति अनिवार्य छ। पूर्व-चयन गरिएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**

ईन्टरनेशनल म्यानपावर रिकुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरू, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।

International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

**Note: (नोटः)**
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment including any form of gift, bonds or loans.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport, national identity card, voter's card, driving license, etc. Among them, passport is mandatory.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरूलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने, राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters**
**कृपया धोखाधडी, अबैध क्रियाकलाव वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन नं. +९७७ ९८०११३७७६९ मा वा इमेल grievance@imrsolution.com मा प्रतिशोध वा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता कायम राख्नेछौं।**
**Feel free to report against fraud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाई मापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

1. Confirm that Visa is issued under your name. 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. 6. While going abroad you must use International Airport of our country, or else might be deceived. 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Tahachal.

**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801045628/9862283838 (9am-5pm)"

# कर्णालीमा समानुपातिकतर्फ कांग्रेस पहिलो

राजधानी संवाददाता
सुर्खेत, २६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ ५ सिटसाथ कर्णालीमा पहिलो बनेको नेपाली कांग्रेसले समानुपातिकतर्फ पनि पहिलो स्थान कायम राखेको छ।

प्रदेश निर्वाचन कार्यालय कर्णाली प्रदेशले उपलब्ध गराएको समानुपातिकतर्फको अन्तिम परिणाममा नेपाली कांग्रेसले १ लाख ४१ हजार २३३ मत प्राप्त गरेको छ। कर्णालीभर प्रत्यक्षमा एक सिटमात्रै जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ १ लाख ३३ हजार ७४९ मतसहित दोस्रो स्थान हासिल गरेको छ।

यसैगरी, नेकपा (एमाले)ले १ लाख २० हजार ८६३ मत प्राप्त गरेको छ भने नेपाली कम्युनिस्ट पार्टी (नेकपा) १ लाख ७ हजार १०१ मत ल्याएको छ।

त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीले १५ हजार ७५५ मत ल्याउँदा प्रगतिशील लोकतान्त्रिक पार्टीले ८ हजार ५३७ मत ल्याएको छ। नेपाल मजदुर किसान पार्टीले ५ हजार १३० मत प्राप्त गरेको छ। कर्णालीबाट श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ ४ हजार ६७५ मत प्राप्त गरेको छ।

प्रदेश निर्वाचन कार्यालय कर्णालीका अनुसार प्रतिनिधिसभा निर्वाचनमा विभिन्न दलबाट र स्वतन्त्र उम्मेदवारी दिएका ९० जनाको जमानत जफत भएको छ। प्रदेशभर जम्मा १३८ जनाले उम्मेदवारी दिएका थिए। तीमध्ये ९० जनाको जमानत जफत भएको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लालबहादुर गुरुङले जानकारी दिए।

सुर्खेतका क्षेत्र नम्बर-१ मा १३ उम्मेदवारमध्ये १० जनाको जमानत जफत भएको छ भने क्षेत्र नम्बर-२ मा १७ उम्मेदवार रहेकामा १४ उम्मेदवारको जमानत जफत भएको छ। त्यस्तै, दैलेख क्षेत्र नम्बर-६ तथा क्षेत्र नम्बर-२ मा सात जनाको जमानत जफत भएको निर्वाचन कार्यालयले जनाएको छ।

जाजरकोटका ८, सल्यानमा १०, रुकुम पश्चिममा नौ, कालीकोटमा छ, जुम्लामा ६, मुगुमा चार, डोल्पामा ६ र हुम्लामा चार उम्मेदवारको जमानत जफत भएको छ। ३६ उम्मेदवारले सय मतसमेत ल्याउन सकेनन्।

# सुत्केरीले बाटोमै जन्माइन् शिशु

राजधानी संवाददाता
धनगढी, २६ फागुन

बाजुरामा एक महिलाले बाटोमै नवजात शिशु जन्माएकी छन्। जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिका-२ भैसागाडकी एक महिलाले स्वास्थ्य संस्था पुग्न नपाउँदै बाटोमै नवजात शिशु जन्माएकी हुन्। प्रसूति व्यथा सुरु भएपछि उनलाई परिवारले फयालगाउँ आधारभूत स्वास्थ्य इकाइतर्फ लैजाँदै गर्दा बाटोमै सुत्केरी भएकी बताइएको छ। स्वास्थ्य संस्था पुग्न नसक्ने अवस्था भएपछि त्यहाँ कार्यरत स्वास्थ्यकर्मी विस्ना रोकाया घटनास्थलमै पुगेर सुरक्षित प्रसूति गराएकी थिइन्। स्थानीयका अनुसार कठिन भौगोलिक अवस्था र स्वास्थ्य संस्था टाढा भएकाले महिलालाई समयमै अस्पताल पुऱ्याउन नसक्दा बाटोमै सुत्केरी हुनुपरेको हो।

स्वास्थ्यकर्मी रोकायाले तत्कालै आवश्यक स्वास्थ्य सेवा प्रदान गरेपछि आमाले सुरक्षित रूपमा बच्चा जन्माएकी थिइन्। आमा र नवजात शिशुको अवस्था सामान्य रहेको जनाइएको छ। स्थानीय बासिन्दाका अनुसार दुर्गम क्षेत्रका कारण गर्भवतीलाई समयमै स्वास्थ्य संस्थासम्म पुऱ्याउन समस्या हुने गरेको छ। सडक र यातायात सुविधा अभावका कारण अझै पनि धेरै महिलाले घरमै वा बाटोमै बच्चा जन्माउने अवस्था रहेको उनीहरूको भनाइ छ। स्वास्थ्य क्षेत्रमा पहुँच विस्तार भए पनि दुर्गम बस्तीमा अझै सुरक्षित प्रसूति सेवामा चुनौती देखिएको यो घटना एउटा उदाहरण भएको स्थानीय बताउँछन्।



पृष्ठ १ बाट क्रमश:

## बढे...

२०१५ सालमा भएको पहिलो आम निर्वाचनमा एक महिला द्वारिकादेवी ठकुरानी डडेलधुराबाट निर्वाचित भएर सुरु भएको प्रत्यक्ष निर्वाचितको संख्या २०४८ को निर्वाचनदेखि बढिरहेको छ। २०४८ को आम निर्वाचनमा ८ जना महिलाले प्रत्यक्ष निर्वाचन जितेका थिए। यो संख्या तत्कालीन संसद्को ३ दशमलव ९० प्रतिशत हो। त्यसपछि २०५१ को प्रतिनिधिसभा निर्वाचनमा ७ जना अर्थात् ३ दशमलव ४१ प्रतिशत र २०५६ मा १२ जना अर्थात् ५ दशमलव ८५ प्रतिशत महिलाले प्रत्यक्ष निर्वाचन जितेका थिए।

## समानुपातिकबाट...

त्यस्तै, संसद्को तेस्रो दल हुने नेकपा एमालेले समानुपातिकमा १६ सिट ल्याउने देखिन्छ। प्रत्यक्षमा ९ सिट जितेको एमालेको समानुपातिक जोड्दा हुने २५ सिटको ३३ प्रतिशत महिला सहभागिता गराउनुपर्ने हुन्छ। यसरी हेर्दा एमालेले सबैभन्दा पहिला महिला सहभागिता पक्का गर्नुपर्छ। प्रत्यक्षबाट एउटै पनि महिला उम्मेदवारले नजितेका कारण २५ को ३३ प्रतिशत अर्थात् ८ जना महिला सहभागी गराउनुपर्छ।

प्रत्यक्षमा आठ सिट जितेको नेकपाले समानुपातिकमा ९ सिट पाउने सम्भावना देखिएको छ। प्रत्यक्ष र समानुपातिक गरी १८ सिट हुने नेकपाले कूल सिटको ३३ प्रतिशत हुने गरी ६ महिला सांसद पठाउनुपर्छ। नेकपाको प्रत्यक्षतर्फ कुनै पनि उम्मेदवारले जितेका छैनन्।

श्रम संस्कृति पार्टीले प्रत्यक्षमा तीन सिट जित्दा समानुपातिकमा चार सिट जित्ने देखिन्छ । कुल सात सिटको ३३ प्रतिशत अर्थात् कम्तीमा दुई महिला संसद्मा पठाउनुपर्दा दुबै जना समानुपातिकबाटै पठाउनुपर्छ । राप्रपाले पनि समानुपातिकबाट दुई महिला सांसद संसद्मा पठाउनुपर्ने देखिन्छ । प्रत्यक्षमा एक सिट पुरुष सांसदले जितेकामा समानुपातिकमा चार सिट ल्याउने अवस्था रहेकाले कुल पाँच सिटको ३३ प्रतिशत अर्थात् दुई महिला पठाउनुपर्छ।

निर्वाचन आयोगले बुधबारसम्ममा समानुपातिकतर्फको सिट संख्या निर्धारण गरी दलहरूलाई पठाउने सम्भावना रहेको आयोग प्रवक्ता भट्टराईले बताए। 'आयोगले निर्धारित संख्यामा समानुपातिक क्लस्टरअनुसारको प्रतिनिधित्व हुने गरी निर्वाचित हुने सांसदको नाम सिफारिस गर्न राजनीतिक दलहरूलाई पत्राचार गर्नेछ,' प्रवक्ता भट्टराईले भने, 'दलहरूले बन्दसूचीभित्रबाट नाम सिफारिस गरेपछि सो नामावली समावेशी क्लस्टरबमोजिम मिले नमिलेको रुजु गरी समानुपातिकतर्फका निर्वाचित सांसदको नाम यकिन गरी ५ चैतसम्ममा प्रमाणपत्र उपलब्ध गराउने कार्य गर्नेछ।'

## पुराना दलभित्र...

त्यस्तै, उनले २३ र २४ भदौ पछि पार्टीले लिएका नीति ठिक नभएको र त्यसलाई सच्याउनुपर्ने दबाब बैठक, भेटघाट, महाधिवेशन मार्फत पटक-पटक दिएको तर नेतृत्वले अस्वीकार गरेको उनले उल्लेख गरेका छन्।

'नेकपा एमाले यो अवस्थामा आउनुमा पार्टीले लिएका नीतिमात्र होइन जिम्मेवारीमा रहेका तहगत कमिटी र नेताहरू सबैले भागीदार बन्नुपर्दछ। त्यस पनि नीतिगत र कार्यकारी भूमिकामा रहेको केन्द्रीय कमिटी, केन्द्रीय सचिवालयले नै जस अपजसको भारी बोक्नु पर्दछ। यो सबैको जवाफदेहिता फेरी पनि प्रमुख नेता कै रहन्छ। सफलता वा असफलता पछिको जवाफदेहिताको कार्यान्वयन कसरी हुन्छ ? पूर्वाग्रह, भावना र षड्यन्त्रको सिद्धान्तबाट माथि उठेर पार्टीभित्र यसमा गम्भीर छलफल गर्नु पर्दछ,' भट्टराईले भनेका छन्। सात बुँदे अपिल जारी गर्दै उनले नेतृत्वलाई राजीनामाको दबाबमात्रै दिएका छैनन्।

राष्ट्रिय एकता र नेपाली सार्वभौमिकताको रक्षा तथा बाम-लोकतान्त्रिक विचारधाराको रक्षा आजको साझा राष्ट्रिय कार्यभार भएको उल्लेख गर्दै यसका लागि जनादेशको सम्मानसहित राजनीतिक विचार र शक्तिबीचका सकारात्मक सहकार्यका लागि अपिलसमेत गरेका छन्।

यसैगरी, विशेष महाधिवेशनबाट सभापति भएका थापाले हारको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिने मनस्थिति बनाएका छन्। थापानिकट नेताले राजीनामा नदिन दबाब दिएका छन्। तर, पूर्वसपभाति शेरबहादुर देउवानिकट नेताले भने नैतिकताका आधारमा राजीनामा दिनुपर्ने भन्दै दबाब दिएका छन्। 'बदलियो कांग्रेस, बदल्छौं देश' भन्ने संकल्पसहित नयाँ नेतृत्वका साथ आएको कांग्रेसलाई जनताले रुचाएनन्। उपसभापति विश्वप्रकाश शर्मासँगको भेटमा सभापति थापाले राजीनामा दिने बताएको स्रोतको दाबी छ। तर, शर्माले राजीनामा समस्याको समाधान नभएको भन्दै रोकेका थिए।

यद्यपि, कांग्रेस सभापति, पदाधिकारीदेखि पार्टीकै उम्मेदवार लज्जास्पद हारपछि देउवानिकट नेताले विशेष महाधिवेशनको औचित्यमाथि प्रश्न उठाउन थालेका छन्। देउवानिकट नेता जीतजंग बस्नेतले भनेका छन्, 'विशेष महाधिवेशनको औचित्य त समाप्त भयो, तर यसले एउटा कुरा छर्लंग देखायो राजनीतिमा नैतिक चरित्रको खडेरी कति गहिरो रहेछ।'

देउवानिकट नेताहरूले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै घुमाउरो शैलीले राजीनामा माग्दै गर्दा तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले भने 'अब अस्वाभाविक महत्त्वाकांक्षा र आवेगबाट मुक्त बन्न' पार्टी पंक्तिलाई आह्वान गरेका छन्।

'अब आवेग, उत्तेजना र बदलाको भावनाबाट मुक्त भएर अत्यन्त संयम, जिम्मेवार भएर हामी सबैले म म भन्दै विगतको निर्मम समीक्षा गर्दै अस्वाभाविक महत्त्वाकांक्षा, आवेग र आग्रहबाट मुक्त भएर पार्टीको व्यापक-बृहत् एकताका लागि निष्ठा र समर्पण भावका साथ अगाडि बढ्नु पर्ने हामी सबैको नैतिक कर्तव्य र जिम्मेवारी छ,' खडकाले भनेका छन्।

कांग्रेसभित्र एकअर्कोलाई सहयोग नगरेको, अन्तर्घात गरेकोलगायत विभिन्न आरोपप्रत्यारोपसमेत चलेको छ।

नेकपा संयोजक प्रचण्ड निर्वाचनमा विजयी भए पनि पार्टीका अन्य वरिष्ठ नेताहरू पराजित भएका छन्। कांग्रेस, एमालेजस्तै नेकपामा पनि नेतृत्व परिवर्तनको आवाज उठेको छ। तत्काल महाधिवेशनमार्फत नेतृत्व हस्तान्तरण र नीतिगत सुधारमा जान युवापुस्ताले दबाब बढाएको नेताहरूले बताएका छन्। मधेशवादी दलमा भने राजीनामाको दबाब सार्वजनिक रूपमा सतहमा नआए पनि नैतिकता देखाउन तल्लो तहका कार्यकर्ताले दबाब भने दिन थालेका छन्।

## ६३ प्रतिशत...

नेपाली कम्युनिस्ट पार्टीबाट विद्रोह गरेर प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरेका पूर्वअर्थमन्त्री जनार्दन शर्माको दलले पनि देशभरबाट जम्मा २४ हजार ८८ मत ल्याएको छ। शर्मा रुकुमपूर्वबाट चुनावी प्रतिस्पर्धामा उत्रिए पनि उनलाई नेकपाका उम्मेदवारले पराजित गरे।

लामो समय निर्वाचन वहिष्कार गरेपछि यसपटकको प्रतिनिधिसभा निर्वाचनमा सहभागी भएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको दलले समेत लज्जास्पद मत पाएको छ।

१८ वर्षपछि व्यालेटमा फर्किएको यो दलले समानुपातिकतर्फ २३ हजार ७ सय ४८ मत पाएका छन्। विप्लवले प्रत्यक्षतर्फ उम्मेदवारी नदिए पनि उनका पार्टीका वरिष्ठ नेता खड्गवहादुर विश्वकर्मा कालिकोटवाट नेकपाका उम्मेदवार महेन्द्रबहादुर शाहीसँग पराजित भए। यो निर्वाचन क्षेत्रमा विकले प्रत्यक्षतर्फ ४ हजार ९ सय ९३ मतसहित चौथो स्थान सुरक्षित गर्दा समानुपातिक तर्फ पार्टीले ३ हजार ५ सय ५८ मत ल्याएको छ।

भक्तपुर क्षेत्र नम्बर १ मा लामो समयदेखिको विरासत गुमाएको नेपाल मजदुर किसान पार्टीले पनि देशभरबाट जम्मा ४० हजार ९८ मत पाएको छ। कुलमान घिसिङको उज्यालो नेपाल पार्टीले आफ्ना समानुपातिक उम्मेदवार समाहित गरेको राष्ट्रिय परिवर्तन पार्टीले भने देशभरबाट १ लाख ६७ हजार ६ सय ७७ मत पाएको छ।

समानुपातिकतर्फ खसेको कुल सदर मतको ३ प्रतिशत मतको 'थ्रेसहोल्ड' कटाउन नसकेको यो दलले पाएको मत भने १ सिटभन्दा बढी हो। तर 'थ्रेसहोल्ड' नकटेका कारण यो दलले सांसद भने पाउने छैन।


**चाँगुनारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिपाटी, भक्तपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०८२/११/२७

यस कार्यालयबाट मिति २०८२/०६/२३ र २०८२/०६/२६ गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | बोल कबोल रकम रू. (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1. | CM/WORKS/01/ 082/83/01 | Pakunepati Lakila Kamalpokhari Jyotirlingeshwar Sadak Staronnati 2082 | Hyulsa /HR J.V. | 1,85,47,031.82 |
| 2. | CM/WORKS/01/ 082/83/02 | Saraswatikhel Buspark Somthali Suyal Danda 1 No. Woda Karyalaya Machha Palan Budha Mandir jane Bato Staronnati 2082 | Kishan-KPU J.V. | 1,88,68,764.76 |
| 3. | CM/WORKS/02/ 082/83/01 | KMC Faidhoka Cha. Na. Pa. 1 Wada Saraswati Khel Buspark Somthali Syaldanda Sadak Staronnati 2082 | Om Durgeshwori / Kripahari /Kantipur J.V. | 1,91,28,864.19 |

प्रमुख प्रशासकीय अधिकृत

**Triveni Rural Municipality**
**Office of The Rural Municipality Executive**
Jugar Rolpa
Lumbini Province, Nepal

**Invitation For Bids**

**Date of 2nd Publication : March.11 2026**

Triveni Rural Municipality,Jugar Rolpa invites electronic bids from eligible bidders for the following construction project details under Sealed Quotation Bidding procedures .

| S. No | Contract ID | Name of Works | Bidding Procedures | Cost of Bid Document NRs. | Bid Security NRs. Last Date, Time of bid purchase | Bid Schedule & Bank Account Details: Last Date, Time of bid submission and opening | Bid Schedule & Bank Account Details: Bank Account Details | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/ WORKS/BLD/ SQ/18/2082/083 | Nuwagaun Healthpost Unfinished Building Maintanances at TRM-02 Rolpa | SQ | 1000.00 | 50,000.00 | March.25, 2026 with in Office Hours | March.26, 2026 at or before 12:00 PM and at 13:30 PM respectively. | Name of Bank:- Nepal Investment Megha Bank Branch Office Jugar Rolpa **1)** (Ga.1.1 Tribeni Ga.Pa Aantarik Rajawso Khata A/C No.**07101400250108** . (For cost of Bid Document) **2)** Ga 3.1 Tribeni Ga.Pa Dharauti Khata A/C .**07101040251464**. (For Bid Security) |
| 2 | TRM/ROLPA/ WORKS/ SQ/20/2082/083 | Triveni Rural Municipality Ujayalo Program at Ward 5 | SQ | 1000.00 | 30,000.00 | | | |

Bidders may obtain further information from the office or may visit PPMO'S website: www.bolpatra.gov.np under the name of Public Entity " Triveni Rural Municipality" Jugar Rolpa

**Act. Chief Administrative Officer**

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशुपतिनगर, बर्दिया**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

(सूचना प्रकाशित मिति : २०८२/११/२७)

यस कार्यालयको तपशिलको मितिमा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्काको लागी दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र, बोलपत्र मूल्याँङ्कन समिति बाट न्यूनतम् मूल्याँङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा (२) र दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | सूचना प्रकाशित मिति | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंङ्क (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|---|
| १ | २०८२/११/०१ (मध्यान्ह राष्ट्रिय दैनिक) | W/GRM/SQW /12/2082/83 | Sonafata Balbikas kendra ko bhawan nirman. | श्री आदर्श कन्स्ट्रक्सन गेरुवा ६, बर्दिया । | रु.१३३०७६०।२७ (अक्षरेपी : तेह्र लाख तीस हजार सातसय साठी र पैसा सत्ताईस मात्र) |
| २ | | W/GRM/SQW /13/2082/83 | Manau khanepani jane bato gravel. | श्री वशिष्ठ निर्माण सेवा गेरुवा ६, बर्दिया । | रु.१२६१६३२।९५ (अक्षरेपी : बाह्र लाख एकसठ्ठी हजार छ सय बत्तिस र पैसा पन्चानब्बे मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

सावजनिक थानमा धूमपान नगा

**खाँडादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !!!**

**सुचना प्रकाशन मिति: २०८२/११/२७**

विभिन्न मितिहरुमा आह्वान गरिएको तपशीलको बोलपत्रहरुमा नियमानुसार पर्न आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाताको बोलपत्रलाई न्युनतम मुल्यांकित सारभूत रुपमा प्रवाभग्राही बोलपत्रको रुपमा छनोट गर्ने आशयका साथ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S.N. | Contract ID | Project Description | Bidders Name & Address | Bid Amount |
|---|---|---|---|---|
| 1 | KRM-NCB-WORKS-03-082-083 | Procurement of Thulokhet Sinchai Yojana 6. | Bajra N.P. Construction Pvt. Ltd., KMC-10, Buddhanagar, Kathmandu | Nrs. 24,40,628.77/- (Including VAT and PS) |
| 2 | KRM-NCB-WORKS-04-082-083 | Construction of Health Post Building in Ward No. 6 of Khandadevi Rural Municipality. | I.K.D. Nirman Sewa, Gokarneshwar-05, Kathmandu | Nrs. 45,39,562.75/- (Including VAT and PS) |

**प्रमुख प्रशासकीय अधिकृत**

# निर्वाचन परिणामबीच जनादेशको अर्थ



डा. देवीप्रसाद आचार्य
dpcharya@gmail.com

■ **अहिलेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको मन जित्न सफल भएको देखिन्छ । यो दलको इतिहास धेरै छोटो छ । राजनीतिक विश्लेषकका अनुसार प्रजातन्त्रका लागि यस दलमा रहेका जनप्रतिनिधिको योगदान देखिँदैन । जनआन्दोलन २०४६, माओवादी, जनआन्दोलनको हलचल, दोस्रो जनआन्दोलन २०६२/२०६३, संविधान निर्माण, मधेश आन्दोलन, थरुहट आन्दोलनजस्ता ऐतिहासिक घटनाबारे प्रत्यक्ष संलग्न नभएको पुस्ता अहिले जनप्रतिनिधि भएर संसद्मा गएका छन् ।**

■ **जेनजीपछाडि २६ नयाँ दल बने । तर, जनताले जनआन्दोलनअगाडिको संसद्मा २१ सिट ल्याएर सरकारमा समेत गएको दललाई नयाँ दलका रूपमा बुझेको देखिन्छ । अहिलेको निर्वाचनमा नेपाली समाजले नयाँ दलभन्दा पनि घण्टी चुनाव चिह्नमा एकोहोरिएर मतदान गरेको देखिन्छ । 'कुन उम्मेदवारलाई मतदान गर्दैछु ?' भन्ने पनि थाहा नभएका मतदाताले 'घण्टी चुनाव चिह्नलाई मतदान गर्नुपर्दछ' भनेको सुनियो । सामाजिक सञ्जालमा देखियो ।**

■ **अहिले नेपाली समाजमा 'पुरानाले बिगारे, नयाँले सपार्छन्' भन्ने जनविश्वास देखिन्छ । नयाँ दलका नाममा रास्वपालाई भारी मत दिएका छन् । यो विश्वासलाई कायम राख्न रास्वपालाई सहज भने देखिँदैन । 'नयाँले गर्छन्' भन्ने जनविश्वासलाई सार्थक रूप दिनका लागि यो दल सफल बनोस् । समाजको यो विश्वास, अपेक्षा र भविष्यप्रतिको आशा निराशामा नबद्लियोस् । मतपेटिकाबाट आएको जनादेशलाई नेतृत्वले जिम्मेवारी, इमानदारी तथा दूरदृष्टिसाथ बुझ्न सकेनन् भने यो जनादेश छिट्टै भत्कने छ । अतः मतदाताले मतपेटिकामा हालेको प्रत्येक विश्वास परिवर्तनको चाहना, राजनीतिक स्थिरता अपेक्षा र सुशासनको आग्रह हो ।**



दक्षिण अफ्रिकाका प्रथम राष्ट्रपति नेल्सन मण्डेलाको भनाइमा 'वास्तविक नेता चुनाव जितेर होइन, जनताको भरोसा जोगाएर चिनिन्छ ।' अब ताजा जनादेशबाट सबैभन्दा ठुलो दल बन्न सफल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेतृत्वगणले मण्डेलाले भनेझैं 'वास्तविक नेता' बन्नुपर्ने बेला आएको छ । वास्तविक नेता चुनाव जितेरमात्र होइन, जनविश्वास र भरोसा जोगाएरमात्र स्थापित हुनसक्ने भन्ने मण्डेलाको इतिहास पढेरै पनि पुष्टि हुन्छ । देशकाल, परिस्थिति र जनचाहनाअनुरुप काम गर्ने वा नगर्ने मापदण्डको आधार नै निर्वाचनपछिको नेतृत्वको मूल परीक्षा हो । यस परीक्षामा नेतृत्व सफल हुने वा सत्ता र भत्तामा रमाएर बस्ने भन्ने आगामी दिन देखिने नै छन् ।

लोकतन्त्रमा निर्वाचनबाट आएको परिणामले देशका राजनीतिक दलहरूको जनआधारको परिणामले देखाउँछ । निर्वाचनअगाडि गर्ने राजनीतिक भाषण र जनतालाई दिएको आश्वासन कार्यान्ययनमा लग्न त्यति सजिलो हुँदैन । कथनी र करणीमा ठुलो अन्तर भएकाले नै पुराना दलहरू अलोक प्रिय भएका हुन् । अब बन्ने सरकारको प्राथमिकता, कार्यशैली तथा कार्यान्वयनको तौरतरिकाले मात्र 'बिहानीले दिउँसोको संकेत गर्दछ' भनेझैं रास्वपाबाट बन्ने सरकारको गति र मतिको आधार तय हुने नै छ ।

निर्वाचन सकिएसँगै लोकतन्त्रको औपचारिक प्रक्रिया टुंगिन्छ, तर यही विन्दूबाट नेतृत्वको वास्तविक परीक्षा सुरु हुन्छ । १६औं अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले भनेका छन्, 'मतदानले नेता छान्छ, तर इतिहासले नेतृत्वको मूल्यांकन गर्छ ।'

मतपेटिकाबाट प्राप्त जनताको 'म्यान्डेट' जितको मात्र परिणाम होइन, त्यो जिम्मेवारी, जवाफदेहिता, नैतिकता, भिजन, मिसन र एक्सनको कठोर परीक्षा पनि हो । चुनावका बेला जनतालाई आकर्षक गर्न गरिएका बाचा, देखाइएका सपना र बोलेका शब्द अब व्यवहारमा रूपान्तरण गर्ने वा जितमा रमाएर बस्ने भन्ने नेतृत्वको क्षमतामा निर्भर हुन्छ ।

अहिलेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको मन जित्न सफल भएको देखिन्छ । यो दलको इतिहास धेरै छोटो छ । राजनीतिक विश्लेषकका अनुसार प्रजातन्त्रका लागि यस दलमा रहेका जनप्रतिनिधिको योगदान देखिँदैन । जनआन्दोलन २०४६, माओवादी, जनआन्दोलनको हलचल, दोस्रो जनआन्दोलन २०६२/२०६३, संविधान निर्माण, मधेश आन्दोलन, थरुहट आन्दोलनजस्ता ऐतिहासिक घटनाबारे प्रत्यक्ष संलग्न नभएको पुस्ता अहिले जनप्रतिनिधि भएर संसद्मा गएका छन् । 'नयाँले बनाउँछन्, पुरानाले बिगारे' भन्ने भाष्यमा 'कति दम छ ?' भन्ने मूल्यांकन भविष्यले नै गर्नेछ । यो मुलुकलाई नयाँका नाममा प्रयोगशाला बनाइरहनु हुँदैन । सत्ता प्राप्त भएसँगै 'नेता सुविधा भोगी बन्ने कि जनउत्तरदायी बन्ने ?' भन्ने प्रश्नले जनमतको आदर वा अनादर गरेको ठहर्ने छ । अहिलेको जनादेश 'नेतृत्व जिम्मेवार भएर काम गरोस्' भन्ने हो ।

राजनीतिमा नेतृत्वको जिम्मेवारी सम्बन्धमा बेलायतका ६१औं र ६३औं प्रधानमन्त्री विन्स्टन चर्चिलले भनेका थिए, 'जिम्मेवारी लिनु नै नेतृत्वको सुरुवात हो ।' अहिले नेपाली समाजको आवश्यकता बोध गरेरमात्र पुग्ने अवस्था छैन । समाजमा रहेको पीडा सम्बोधन गर्न आवश्यक छ । इच्छाशक्ति बोलीमा मात्र होइन, व्यवहारमा देखाउने बेला आएको छ । त्यसैले नेतृत्वले सुझबुझसाथ काम गर्नुपर्दछ ।

आधुनिक व्यवस्थापनका 'पिता' मानिने पिटर ड्रकरको भनाइमा 'नेतृत्व लोकप्रियतामा होइन, परिणाममा मापन हुन्छ ।' अब निर्वाचनपछाडिका दिन देखिने परिणामले मात्र नेतृत्वको वास्तविक अनुहार देखाउने छ । हाम्रो इतिहास 'राजनीतिक भाषण, नारा र भिडको तालीले देश बन्दैन' भन्ने कुराको प्रमाण सबैका अगाडि छर्लंग छ । अहिले जनताले रोजगारी चाहेका छन् । प्रशासनमा रूपान्तरण खोजेका छन् । बजार मूल्य घट्यो कि घटेन ? शासनसत्ता पारदर्शी र जनमैत्री भयो कि भएन ? सहकारीपीडितले जम्मा गरेको पैसा फिर्ता पाए कि पाएनन् ? कृषि, पशुपालन क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण भयो कि भएन ? शिक्षा र स्वास्थ्यको अवस्थामा सुधार सुरुवात के भयो ? भ्रष्टचार र वेथिति पुरानै अवस्थामा छ कि घट्यो ?लगायत विषयतले जनतालाई छोएको हुन्छ । यही क्षेत्रमा जनताले सकारात्मक परिणाम खोजेका छन् ।

भनिन्छ, 'राजनीतिमा सरकारको कार्यशैली र क्षमता मूल्यांकन गर्न कमसे कमे सय दिनको हनिमुन अवधिले संकेत गर्दछ ।' अहिंसात्मक आन्दोलनका अध्येता महात्मा गान्धीले भनेका छन्, 'सत्ता अधिकार होइन, सेवा हो ।'

अब बन्ने सरकारको कार्यक्षमता गान्धीको यही भनाइको मर्मसँग मेल खानुपर्दछ । सरकारले जनताले देख्ने र अनुभव गर्नसक्ने काम गर्न सफल हुनुपर्दछ । जनमतबाट प्राप्त सत्ता जनतामाथि शासन गर्ने लाइसेन्स होइन, जनसेवामै समर्पित गरिने कर्तव्य हो । विगतका सरकारले जनहितमा काम गर्न नसक्दा जेनजी आन्दोलनमात्र भएन, यसले राजनीतिक परिदृश्यमै उथलपुथल ल्याइदियो । कुशासन र सत्ताको लकामारीले विगतको सरकारप्रतिको जनविश्वास घट्दै गयो । फलत : अहिलेको निर्वाचनमा जनताले राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारको योग्यता, क्षमता र योगदान नै नहेरी 'घण्टी' चुनाव चिह्नमा छाप लगाए । समाजमा व्याप्त असन्तोष भएकाले तीन वर्षको इतिहास भएको रास्वपाले यति ठुलो जनमत ल्याउन सफल भएको छ । यो जनादेशको कदर गरियोस् ।

अहिले राजनीतिक बजारमा राष्ट्रिय स्वतन्त्र पार्टीले जसरी निर्वाचनमा जनसमर्थन पायो, 'त्यसरी नै देशलाई राम्रोसँग अगाडि बढाउन सक्ला कि नसक्ला ?' भन्ने कोणबाट विचार आउने गरेका छन् । विगतकामा दलहरूले गरेका गल्तीबाट पाठ सिकेर अगाडि बढ्नसके यो दलले प्राप्त गरेको जनसमर्थनको कदर हुने छ । 'मेरो गोरुका बाह्रै टक्का'को आत्मकेन्द्रीत शैलीबाट निर्देशित भएमा जनताले जति नै मत दिए पनि देशले निकास पाउनसक्ने छैन । अबको नेतृत्वले देशमा विगतजस्तै अरबौंका भ्रष्टाचारका प्रकरण, आर्थिक अनियमितता, स्वार्थको राजनीतिक लडाइ, नातावाद, कृपावाद, फरियावादमा नफसोस् । जनसेवक बनोस् । राष्ट्रनिर्माता बनोस् । रास्वपाको नेतृत्वले बुझ्न जरुरी छ कि सेवाभाव हराएको सत्ता वा नेतृत्व टिकाउ हुँदैन ।

जेनजीपछाडि २६ नयाँ दल बने । तर, जनताले जनआन्दोलनअगाडिको संसद्मा २१ सिट ल्याएर सरकारमा समेत गएको दललाई नयाँ दलका रूपमा बुझेको देखिन्छ । अहिलेको निर्वाचनमा नेपाली समाजले नयाँ दलभन्दा पनि घण्टी चुनाव चिह्नमा एकोहोरिएर मतदान गरेको देखिन्छ । 'कुन उम्मेदवारलाई मतदान गर्दैछु ?' भन्ने पनि थाहा नभएका मतदाताले 'घण्टी चुनाव चिह्नलाई मतदान गर्नुपर्दछ' भनेको सुनियो । सामाजिक सञ्जालमा देखियो ।

एकातिर कांग्रेस, एमाले र माओवादीले सञ्चालन गरेका सरकारको कार्यशैली 'जनमैत्री' थिएनन् भने अर्कोतिर यी दलबाट नेतृत्वमा पुगेका नेतागणका कमीकमजोरी आधार बनाएर राष्ट्रिय स्वतन्त्र पार्टीको जन्म भएको थियो । नेपाली कांग्रेसमा गगन थापा र विश्वप्रकाश शर्माहरूले दलभित्रका कमीकमजोरी सुधार गर्न नेतृत्व परिवर्तनसम्म गर्न भ्याएका थिए । निर्वाचनकै मुखमा गरिएको यो सुधारले समाजलाई गहिरो छाप पार्न सकेन । दलभित्रको सुधारमा लागेका गगन थापा आफू नै निर्वाचित हुन सकेनन् ।

अहिले नेपाली समाजमा 'पुरानाले बिगारे, नयाँले सपार्छन्' भन्ने जनविश्वास देखिन्छ । नयाँ दलका नाममा रास्वपालाई भारी मत दिएका छन् । यो विश्वासलाई कायम राख्न रास्वपालाई सहज भने देखिँदैन । 'नयाँले गर्छन्' भन्ने जनविश्वासलाई सार्थक रूप दिनका लागि यो दल सफल बनोस् । समाजको यो विश्वास, अपेक्षा र भविष्यप्रतिको आशा निराशामा नबद्लियोस् । मतपेटिकाबाट आएको जनादेशलाई नेतृत्वले जिम्मेवारी, इमानदारी तथा दूरदृष्टिसाथ बुझ्न सकेनन् भने यो जनादेश छिट्टै भत्कने छ । त्यसैले रास्वपाको परीक्षाको घडी सुरु भएको छ । यो परीक्षामा सफल हुने वा असफल हुने भन्ने गफ र अरुलाई आलोचना गर्ने गर्ला र कलाले हुन सक्दैन । परिणाममुखी कामको आधारमा मात्र अहिले समाजमा चुलिएको असन्तोष सम्बोधन गर्न सम्भव हुनेछ ।

अतः मतदाताले मतपेटिकामा हालेको प्रत्येक विश्वास परिवर्तनको चाहना, राजनीतिक स्थिरता अपेक्षा र सुशासनको आग्रह हो ।

अहिलेको नेतृत्वले विगतका सरकारले गरेका कमीकमजोरीलाई दल निर्माण र नेतृत्व निर्माणको स्रोत बनाएकाले पुरानाले गरेको गल्तीको पुनरावृत्ति नहोला भन्ने आशा गर्न सकिन्छ । हरेकपटक आउने नयाँ राजनीतिक दलले देखाउने गरेको आशामा भोगेको निराशा नेपाली समाजले भोग्न र अनुभव गर्न नपरोस् ।

*(लेखकको यो निजी विचार हो)*

## पाठक मञ्च

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस् : bicharrajdhani@gmail.com

### अब बन्ने सरकारले बाटो नबिराओस्

प्रतिनिधिसभा निर्वाचनमा अपेक्षा गरिएभन्दा पनि व्यापक रूपमा जित निकाल्न सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमतको सरकार बनाउने सुनिश्चित भएको छ । वर्षौंदेखि परम्परागत राजनीतिबाट जनतामा छाएको तीव्र असन्तुष्टि गत २३ र २४ भदौको सुशासन तथा भ्रस्टाचार अन्त्यका लागि भएको जेनजी पुस्ताको विद्रोह तथा त्यसपश्चात्का घटना र पुराना दलका नेताको चरम अहंकार जनमत परिवर्तनको आवाज बनेर चुनावमार्फत प्रतिबिम्बित भएको छ ।

अब देश बनाउने प्रमुख जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको छ । जनतामा छाएको चरम निराशा र विकासप्रतिको भोकलाई सिघ्र सम्बोधन गर्नु अबको सरकार र संसद्को मुख्य चुनौती हो । यसका लागि निम्न काम उच्च प्रथमिकतासाथ गर्नु उचित हुनेछ :

१. प्रधानमन्त्री तथा मन्त्री पदहरूलाई गुटगत बाँडफाँट, आलोपालोजस्ता प्रवृत्तिबाट मुक्त गरियोस् । यी पदमा चयन भएकाले पूरा कार्यकाल काम गर्न पाउने वातावरण बनाइयोस् ।

२. भ्रष्टाचार तथा अनियमितता छानबिन तथा कारबाहीका लागि अधिकारसम्पन्न संयन्त्र बनाइयोस् र त्यसलाई राजनीतिक प्रभावबाट मुक्त राखियोस् ।

३. दलीय गठबन्धनका नाममा पदीय सौदाबाजी नगरियोस् ।

४. संवैधानिक तथा कानुनी नियुक्तिहरू योग्यता तथा क्षमतामा आधारित बनाइयोस् । नातावाद र चन्दावादबाट मुक्त गरियोस् ।

५. कृषि, पर्यटन, उद्योग र ऊर्जा तथा पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखी उद्यमशिलता तथा रोजगारी सिर्जना गरियोस् । यी क्षेत्रसँग सम्बन्धित कानुन आवश्यकताका आधारमा परिमार्जन गरियोस् ।

६. संघ, प्रदेश तथा स्थानीय तहबीच व्यापक रूपमा समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त कार्यगत रूपमा पालना गरियोस् ।

७. वैदेशिक अनुदान तथा ऋण लिँदा तथा अन्य अन्तर्राष्ट्रिय सम्झौता गर्दा राष्ट्रको सर्वोपरी हित प्रथमिकतामा राखेर र जटिल भूराजनितीलाई गम्भीर रूपमा मनन गरेरमात्र गरियोस् ।

८. जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेको आवश्यकताका आधारमा व्यवस्थापन गरियोस् ।

■ **कमल पौडेल**
अर्जुनधारा, झापा

### स्थानीय भाषाहरू हराउने खतरा

नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश हो । यहाँ दर्जनौं भाषा र बोली बोलिन्छन् । तर पछिल्ला वर्ष धेरै स्थानीय भाषा प्रयोगबाट हराउँदै जाने खतरा बढिरहेको छ । शिक्षा, सञ्चार र रोजगारीका कारण धेरै मानिस प्रमुख भाषामै केन्द्रित हुन थालेका छन् । परिणामस्वरूप साना समुदायका भाषा नयाँ पुस्तामा हस्तान्तरण हुन सकिरहेका छैनन् ।

जब कुनै भाषा प्रयोगबाट हराउँछ, त्यससँगै त्यस समुदायको संस्कृति, परम्परा र मौलिक ज्ञान पनि हराउने जोखिम हुन्छ । भाषा बोल्ने माध्यममात्र होइन, यो इतिहास र पहिचानको महत्त्वपूर्ण आधार पनि हो । कतिपय स्थानीय भाषा अहिले अग्रज पुस्तामै सीमित भइसकेका छन् । यदि नयाँ पुस्ताले ती भाषा सिकेनन् भने निकट भविष्यमा मातृभाषा पूर्णरूपमा लोप हुन सक्छन् ।

यस समस्यालाई समाधान गर्न विद्यालयस्तरमै स्थानीय भाषा संरक्षण र प्रयोगलाई प्रोत्साहन दिइनुपर्छ । स्थानीय रेडियो, सांस्कृतिक कार्यक्रम र साहित्यिक गतिविधिले पनि भाषा संरक्षणमा ठूलो भूमिका खेल्न सक्छन् । भाषिक विविधता नेपालको सांस्कृतिक सम्पत्ति हो । त्यसैले यसको संरक्षण समुदायको मात्र होइन, सम्पूर्ण राष्ट्रको जिम्मेवारी हो ।

■ **माया महर्जन**
खोकना, ललितपुर

### फास्ट फूड संस्कृतिले बदलिँदै सहरी खानपान

पछिल्ला वर्ष नेपालमा 'फास्ट फूड संस्कृति'को प्रभाव तीव्र रूपमा बढेको देखिन्छ । विशेषगरी सहरमा पिज्जा, बर्गर, फ्राइड चिकेन र अन्य प्रशोधित खाना प्रयोग व्यापक हुँदै गएको छ । व्यस्त जीवनशैलीका कारण छिटो तयार हुने खाना धेरै मानिसका लागि सहज विकल्प बनेको छ । तर यसले पारम्परिक नेपाली खानपानलाई विस्तारै पछाडि धकेल्दै लगेको छ ।

'फास्ट फूड'मा प्रायः धेरै नुन, बोसो र चिनी हुन्छन्, जसले दीर्घकालीन रूपमा स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । मोटोपन, मधुमेह र मुटुसम्बन्धी रोगको जोखिम बढ्ने सम्भावना पनि हुन्छ । युवापुस्तामा विशेषगरी यस्तो खानाको आकर्षण बढी देखिन्छ । विद्यालयवरिपरि रहेका 'फास्ट फूड' पसलले बालबालिकाका खानपान बानीमा ठूलो प्रभाव पारिरहेका छन् ।

यस अवस्थामा स्वस्थ र सन्तुलित खानपानको महत्त्वबारे जनचेतना फैलाउनु आवश्यक छ । घरमा पकाइने परम्परागत नेपाली खाना पोषणका दृष्टिले धेरै सन्तुलित र स्वास्थ्यकर हुन्छ । आधुनिक जीवनशैलीसँगै खानपानमा परिवर्तन हुनु स्वाभाविक हो । तर, स्वस्थ परम्परागत खानालाई पूर्ण रूपमा बिर्सनु भने दीर्घकालीन रूपमा राम्रो संकेत होइन ।

■ **बबिना प्रधान**
कुमारीपाटी, ललितपुर

### जनादेश शिरोपर होस्

हालै सम्पन्न आमनिर्वाचनपछि नयाँ सरकार गठन प्रक्रिया सुरु हुँदै छ । यस परिप्रेक्ष्यमा चुनावको परिणामलाई मात्र सत्ता गठनको गणितका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यो परिणामले जनआकांक्षा, असन्तोष, आशा र अपेक्षाको समष्टिगत सन्देश पनि बोकेको हुन्छ । त्यसैले नयाँ सरकारलाई सबैभन्दा पहिले बुझ्नुपर्ने कुरा यही हो- यो सरकारलाई वास्तवमा कस्तो जनादेश प्राप्त भएको छ ?

मत परिणाम हेर्दा एउटा कुरा स्पष्ट देखिन्छ । मतदाताले एकल शक्तिलाई पूर्ण प्रभुत्व दिएका छैनन् । यसले जनताले कुनै एक दललाई पूर्ण भरोसामात्र गरेका छैनन् भन्ने संकेत गर्छ । तर, यसको अर्थ अस्थिरता चाहिएको पनि होइन । जनताले सन्तुलित शक्ति संरचना चाहेका छन् । जहाँ सत्ता नियन्त्रणमा रहोस् र जिम्मेवार शासन होस् । जनताले दिएको पहिलो सन्देश सुशासनको माग हो । विगत केही वर्षमा भ्रष्टाचारका काण्ड, सार्वजनिक खर्चमा अनियमितता र राज्य संयन्त्रमा देखिएको राजनीतिक हस्तक्षेपले जनतालाई निराश बनाएको छ । चुनावी परिणामले अब यस्तो अवस्थालाई स्वीकार नगर्ने संकेत दिएको छ ।

जनादेश आर्थिक सुधार हो । बेरोजगारी, महँगी र युवाको विदेश पलायन अहिले नेपालको सबैभन्दा ठूलो समस्या बनेको छ । हरेक घरबाट युवा विदेसिनु आर्थिक बाध्यतामात्र होइन, राज्यप्रति घट्दो विश्वासको संकेत पनि हो । नयाँ सरकारले रोजगारी सिर्जना, उत्पादन बढाउने र लगानीको वातावरण सुधार्ने स्पष्ट योजना ल्याउनुपर्छ । सन्देश राजनीतिक परिपक्वता हो । चुनावपछि दलबीच सरकार गठनको दौड सुरु हुन्छ । तर सत्ता बाँडफाँटको राजनीतिले जनादेशको मर्म कमजोर बनाउँछ । यदि सरकार गठन केवल पद बाँडफाँटमै सीमित भयो भने जनविश्वास झन् कमजोर बन्ने छ । त्यसैले अहिलेको सरकारको पहिलो कर्तव्य भनेको जनविश्वास पुनःस्थापित गर्नु हो ।

पारदर्शिता, उत्तरदायित्व र नतिजामुखी कार्यशैली अपनाएरमात्र यो सम्भव छ । जनादेश स्पष्ट छ- स्थिर सरकार, स्वच्छ शासन र आर्थिक अवसर । नयाँ सरकारले यी तीन प्राथमिकता केन्द्रमा राखेर काम गर्‍यो भनेमात्र चुनावको अर्थ सार्थक हुने देखिन्छ ।

■ **कुमार लोप्चन**
विदुर, नुवाकोट

### जनताले कस्तो सरकार चाहेको छ ?

नेपालमा प्रत्येक आमनिर्वाचनपछि प्रश्न दोहोरिन्छ- आखिर जनताले कस्तो जनादेश दिए ?' चुनावी नतिजा ध्यानपूर्वक हेर्दा यसपटक पनि एउटा स्पष्ट संकेत देखिन्छ- जनताले परिवर्तन चाहेका छन् ।

विगतका चुनावमा स्थापित दलले सहज बहुमत प्राप्त गर्थे । तर अहिलेको परिणामले मतदाताले नयाँ विकल्प खोज्न थालेको संकेत दिएको छ । धेरै ठाउँमा परम्परागत शक्ति कमजोर भएका छन् । यसले पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि रहेको देखाउँछ । नेपालको राजनीति लामो समयदेखि सत्ताकेन्द्रित भएको छ ।

नीति, कार्यक्रम र विकासको बहसभन्दा पनि गठबन्धन, पद र शक्ति समीकरणलाई प्राथमिकता दिइँदै आएको छ । यही कारण जनताको धैर्य क्रमशः कमजोर हुँदै गएको छ । नयाँ सरकारलाई जनताले राजनीतिक संस्कार परिवर्तन गर्ने जनादेश दिएका छन् ।

परिवर्तन शासन शैलीमा हुनुपर्छ । सरकार जनताको सेवक हो भन्ने भावना व्यवहारमा देखिनुपर्छ । प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार र अनावश्यक प्रक्रियाले जनताको दैनिकी कठिन बनाएको छ ।

त्यसैले परिवर्तन आर्थिक नीतिमा हुनुपर्छ । नेपालमा कृषि, पर्यटन, जलस्रोत, सूचना प्रविधिजस्ता सम्भावना धेरै छन् । तर नीति अस्थिरता र कमजोर कार्यान्वयनका कारण ती सम्भावना अवसरमा रूपान्तरण हुन सकिरहेका छैनन् ।

त्यस्तै, परिवर्तन युवामैत्री नीति हो । युवा आज देशको सबैभन्दा ठूलो शक्ति हुन् । तर उनीहरूलाई अवसर नदिँदा देशको जनशक्ति बाहिर गइरहेको छ । यदि यही अवस्था जारी रह्यो भने देशले दीर्घकालीन संकट भोग्न सक्छ । यसपटकको चुनावले राजनीतिलाई एउटा चेतावनी दिएको छ, 'यदि सुधार भएन भने जनताले फेरि विकल्प खोज्ने छन् ।' त्यसैले नयाँ सरकारले जनताको सन्देशलाई गम्भीर रूपमा लिनु जरुरी छ । जनादेशलाई सत्ता टिकाउने साधन होइन, देश परिवर्तन गर्ने अवसरका रूपमा लिन सकियो भनेमात्र यो चुनाव ऐतिहासिक बन्ने छ ।

■ **यमकुमार आचार्य**
इलाम

# युद्ध अन्त्य दाबीप्रति इरानको आशंका

**एजेन्सी**
तेहरान, २६ फागुन

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको द्वन्द्व 'चाँडै समाप्त हुने' दाबी गरे पनि तेहरानले भने लडाइँ आवश्यक परेसम्म जारी रहने सकेत दिएको छ। इरानका विदेशमन्त्री अब्बास अराघचीले मंगलबार यस्तो दाबीप्रति शंका व्यक्त गर्दै आफ्नो देश मिसाइल आक्रमण जारी राख्न तयार रहेको बताएका छन्।

तेहरानले अमेरिका-सहयोगी खाडी राष्ट्रहरूलाई लक्षित गरी नयाँ आक्रमण सुरु गरेको केही घण्टापछि ट्रम्पले द्वन्द्व छिट्टै अन्त्यतिर जाने दाबी गरेका थिए। तर अराघचीले एक अन्तर्वार्तामा पीबीएस न्युजलाई 'गोलीबारी जारी छ र हामी तयार छौं। आवश्यक परेसम्म हामी हाम्रो मिसाइल प्रयोग गर्दै आक्रमण जारी राख्ने छौं' भन्दै संघर्ष लम्बिन सक्ने संकते गरे।

इरानको रिभोलुसनरी गार्ड्सले पनि ट्रम्पको टिप्पणीको जवाफ दिँदै युद्धको अन्त्य कसरी हुने भन्ने निर्णय आफूहरूले गर्ने चेतावनी दिएको छ।

अराघचीले वासिङ्टनसँग वार्ता गर्ने सम्भावनालाई पनि अस्वीकार गरे। उनका अनुसार अमेरिकासँग कुरा गर्ने अनुभव 'अत्यन्त कटु' भएको छ र अघिल्ला वार्ताका क्रममा भएको अमेरिकी आक्रमणले तेहरानलाई थप अविश्वासी बनाएको छ।

उता ट्रम्पले सोमबार फ्लोरिडामा पत्रकार सम्मेलन गर्दै अभियान छोटो अवधिको हुने दाबी गरेका थिए। 'यो चाँडै समाप्त हुनेछ र यदि फेरि सुरु भयो भने उनीहरू अझ बढी प्रभावित हुनेछन्' उनले भने। उनले तेहरानले तेल आपूर्ति अवरुद्ध गरेमा 'अकल्पनीय आकारको आक्रमण' गर्ने चेतावनी पनि दिए।

ट्रम्पको यस्तो टिप्पणीले विश्व बजारमा केही राहत ल्याएको देखिएको छ। अघिल्लो दिन बढेको तेलको मूल्य घटेर करिब पाँच प्रतिशतले झरेको छ भने टोकियो र सियोलका सेयर बजार पनि मजबुत रूपमा खुलेका छन्। एक दिनअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १ सय डलर नाघेको थियो।

यद्यपि द्वन्द्वको प्रभाव भने अझै व्यापक छ। मंगलबार बिहान इरानी आक्रमणले पुनः खाडी राष्ट्रहरूलाई लक्षित गरेको बताइएको छ। संयुक्त अरब इमिरेट्सले इरानबाट आएको मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ भने बहराइनमा साइरन बजाएर नागरिकलाई सुरक्षित स्थानमा जान भनिएको थियो। साउदी अरब र कुवेतले पनि केही ड्रोन रोकेर नष्ट गरेको बताएका छन्।

इरानभित्र पनि आक्रमण जारी रहेको रिपोर्ट आएको छ। स्थानीय सञ्चारमाध्यमले राजधानी तेहरान र खोमेइन क्षेत्रमा ताजा प्रहार भएको बताएका छन्। इजरायलले भने इरानबाट भएको मिसाइल प्रहारपछि इरानी मिसाइल प्रक्षेपण स्थलहरूमा आक्रमण गरेको जनाएको छ।

चलिरहेको युद्धले विश्व अर्थतन्त्रमा पनि असर पारेको छ। इन्धन आपूर्ति अवरुद्ध हुने आशंका बढेको छ र मुद्रास्फीति बढ्ने चिन्ता देखिएको छ। मूल्य घटाउने प्रयासस्वरूप ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्तापछि तेलसम्बन्धी केही प्रतिबन्धहरू हटाउने घोषणा गरेका छन्।



यसैबीच इरानले होर्मुज जलडमरूमध्य हुँदै यात्रा गर्ने जहाजहरूलाई पनि लक्षित गरिरहेको छ। यो जलडमरूमध्यबाट विश्वको करिब २० प्रतिशत कच्चा तेल पारगमन हुन्छ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले भने आफ्नो देश र सहयोगी राष्ट्रहरूले द्वन्द्वको कठिन चरण समाप्त भएपछि जहाजहरूलाई सुरक्षित रूपमा आवतजावत गराउन जलडमरूमध्य पुनः खोल्ने 'रक्षात्मक' अभियानमा काम गरिरहेको बताएका छन्।

उता, इरानको नेतृत्वमा पनि परिवर्तन आएको छ। अमेरिका-इजरायलको हमलामा अयातुल्ला अली खामेनी मारिएपछि उनका छोरा मोजताबा खामेनी नयाँ सर्वोच्च नेताका रूपमा अघि आएका छन्। ट्रम्पले उालाई 'हलुका' नेता भन्दै इरानको नेतृत्व चयन प्रक्रियामा आफूले प्रभाव राख्नुपर्ने संकते दिए।

यो नियुक्तिलाई इरानभित्र मिश्रित प्रतिक्रिया मिलेको छ। केहीले स्वागत गरे पनि राज्य सञ्चारमाध्यमले मध्य तेहरानमा हजारौं मानिसले नयाँ नेताको समर्थनमा प्रदर्शन गरेको तस्बिर सार्वजनिक गरेका छन्।

द्वन्द्वले इरानबाहिर पनि प्रभाव पारेको छ। लेबनानमा इजरायलले मंगलबार नयाँ आक्रमण गरेको छ। लेबनानी अधिकारीहरूका अनुसार मार्च २ देखि इजरायली आक्रमणमा कम्तीमा ४ सय ८६ जनाको मृत्यु भएको छ भने एक हजार ३ सय १३ भन्दा बढी घाइते भएका छन्।

इरान समर्थित हिजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि युद्धमा तानिएको हो। लेबनानका राष्ट्रपति जोसेफ आउनले हेजबुल्लाहले देशलाई 'ध्वस्त पार्ने' काम गरिरहेको आरोप लगाए। तर समूहका संसदीय नेताले प्रतिरोध बाहेक अरू विकल्प नभएको बताएका छन्।

सिरियाले पनि हिजबुल्लाहको आलोचना गर्दै लेबनानबाट आफ्नो भूभागमा भएको तोप प्रहारको निन्दा गरेको छ र कुनै पनि आक्रमण सहन नसकिने चेतावनी दिएको छ।

सरकारी तथ्यांकअनुसार इजरायली आक्रमण र स्थल कारबाहीका कारण लाखौं लेबनानी विस्थापित भएका छन्। करिब ६ लाख ६० हजारभन्दा बढी मानिस विस्थापितका रूपमा दर्ता भएका छन्।

तीमध्ये ४० वर्षीया जैनाब एल मस्री पनि एक हुन्, जो आफ्ना पति र बालबालिकासहित बेरुतको सडक किनारमा बस्न बाध्य भएकी छिन्।

'हामीसँग खान र पिउनका लागि केही छैन, केवल थोरै रोटी मात्र छ,' उनले भनिन्।

मुस्लिमहरूको उपवास महिना रमजान चलिरहेका बेला युद्धले जनजीवन झन कठिन बनाएको छ। इरानका केही बासिन्दाले युद्धसँगै बढ्दो महँगी र आर्थिक समस्याले जीवन झन् कठिन भएको बताएका छन्।

उत्तरपूर्वी सहर बौकानका ३६ वर्षीय क्याफे प्रबन्धक रेजाले मानिसहरू बम विस्फोट हेर्न छतमा चढ्ने गरेको देख्दा आफू अचम्मित भएको बताए। तर उनका अनुसार वास्तविक समस्या भने आर्थिक संकट हो। 'बैंकहरूले नगद दिन छाडेका छन् र धेरै कार्डहरू अवरुद्ध भएका छन्,' उनले भने। यही कारण उनले आफ्नो क्याफेमा फरक निर्णय गरेका छन्। 'जसले कफीको पैसा तिर्न सक्दैन, उनीहरूका लागि कफी निःशुल्क हुन्छ,' उनले भने।

## सियोल-वासिङ्टन सैन्य अभ्यासप्रति उत्तर कोरियाको कडा चेतावनी



**सियोल**
एजेन्सी, २६ फागुन

उत्तर कोरियाका नेता किम जोङ उनकी प्रभावशाली बहिनी किम यो जोङले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले सुरु गरेको संयुक्त सैन्य अभ्यासले 'अकल्पनीय रूपमा भयानक परिणाम' निम्त्याउन सक्ने चेतावनी दिएकी छन्। मंगलबार सार्वजनिक गरिएको वक्तव्यमा उनले सियोल र वासिङ्टनले सञ्चालन गरिरहेको वार्षिक सैन्य अभ्यासलाई गम्भीर उक्साहटका रूपमा व्याख्या गर्दै यसले कोरियाली प्रायद्वीपमा थप तनाव निम्त्याउने बताइन्।

दक्षिण कोरिया र अमेरिकाले सोमबारदेखि आफ्नो वसन्तकालीन सैन्य अभ्यास 'फ्रिडम सिल्ड' सुरु गरेका छन्। यो अभ्यास १९ मार्चसम्म सञ्चालन हुने बताइएको छ। दक्षिण कोरियाका करिब १८ हजार सैनिक यसमा सहभागी हुने जानकारी दिइएको छ, तर कति अमेरिकी सैनिक सहभागी छन् भन्ने विवरण भने सार्वजनिक गरिएको छैन।

सन् १९५० मा छिमेकी दक्षिण कोरियामाथि आक्रमण गरी कोरियाली युद्ध सुरु गरेको आणविक हतियार सम्पन्न उत्तर कोरियाले यस्ता संयुक्त सैन्य अभ्यासहरूलाई लामो समयदेखि आफ्नो देशमाथि आक्रमण गर्ने तयारीको अभ्यासका रूपमा आरोप लगाउँदै आएको छ।

किम यो जोङको भनाइ प्योङयाङस्थित सरकारी सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले उद्धृत गरेको हो। उनले यस्तो अभ्यासले 'अकल्पनीय रूपमा भयानक परिणाम निम्त्याउन सक्ने' चेतावनी दिँदै क्षेत्रीय सुरक्षामा थप अस्थिरता आउन सक्ने संकेत गरिन्।

उनी हालै उत्तर कोरियाको सत्तारूढ वर्कर्स पार्टीको सामान्य मामिला विभागको प्रमुख पदमा पदोन्नति भएकी छिन्। विश्लेषकहरूले यस पदलाई पार्टी महासचिवसरह प्रभावशाली जिम्मेवारी भएको मान्ने गरेका छन्।

उनको प्रतिक्रिया त्यतिबेला आएको हो जतिबेला उनका दाजु किम जोङ उनले हालै सियोलले अघि सारेका शान्ति पहलहरूलाई 'असंगत भ्रामक प्रहसन' भन्दै अस्वीकार गरेका थिए। उनले उत्तर कोरियाको दक्षिण कोरियासँग 'कुनै व्यापारिक लेनदेन छैन' भन्ने धारणा पनि व्यक्त गरेका थिए।

किम यो जोङले संयुक्त सैन्य अभ्यासलाई विश्वव्यापी अस्थिरताको संवेदनशील समयमा भइरहेको कदमका रूपमा चित्रण गरेकी छिन्। उनका अनुसार विश्व सुरक्षा संरचना तीव्रगतिमा कमजोर बन्दै गएको छ र विभिन्न क्षेत्रहरूमा युद्धका घटनाहरू बढिरहेका छन्।

उनले अहिलेको अवस्था 'अन्तर्राष्ट्रिय बदमासहरूको लापरवाह कार्य' का कारण सिर्जना भएको आरोप लगाइन्।

प्योङयाङले हालै इरानमाथि अमेरिका र इजरायलले गरिरहेको आक्रमणलाई पनि 'अवैध आक्रमण' भन्दै कडा शब्दमा निन्दा गरेको छ। उत्तर कोरियाले त्यस घटनाले अमेरिकाको 'दुष्ट प्रकृति' उजागर गरेको दाबी गरेको छ।

उत्तर कोरिया र संयुक्त राज्य अमेरिका दशकौंदेखि राजनीतिक र सैन्य रूपमा विरोधी रहेका छन्। यद्यपि पछिल्ला महिनामा वासिङ्टनले प्योङयाङसँग उच्चस्तरीय वार्ता पुनः सुरु गर्न पहल गरिरहेको संकेत देखिएको छ।

कतिपय रिपोर्ट र विश्लेषकहरूले यस वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका नेता किम जोङ उनबीच सम्भावित शिखर सम्मेलनको सम्भावना पनि औंल्याएका छन्।

लामो समयसम्म ती प्रस्तावहरूलाई बेवास्ता गर्दै आएका किम जोङ उनले गत महिना भने वासिङ्टनले उत्तर कोरियाको आणविक हैसियत स्वीकार गरेमा दुई देश 'सँगै बस्न सक्ने' बताएका थिए।

## बलियो निर्यातसँगै चीनको व्यापार वृद्धि

**बेइजिङ**
एजेन्सी, २६ फागुन

घरेलु माग कमजोर रहँदा पनि चीनले वर्षको सुरुआत उल्लेखनीय व्यापार वृद्धिसहित गरेको छ। आधिकारिक तथ्यांकअनुसार सन् २०२६ को पहिलो दुई महिनामा चीनको कुल व्यापार करिब २० प्रतिशतले बढेको देखिएको छ। यद्यपि अमेरिकातर्फको निर्यात घटे पनि अन्य प्रमुख बजारमा भएको वृद्धिले त्यसको भरपाइ गरेको छ।

मंगलबार सार्वजनिक भन्सारको सामान्य प्रशासनको तथ्यांकले जनवरी-फेब्रुअरी अवधिमा चीनको निर्यात २१ दशमलव ८ प्रतिशतले बढेको देखाएको छ। यो वृद्धि अर्थशास्त्रीहरूले गरेको ७ दशमलम २ प्रतिशतको पूर्वानुमानभन्दा निकै माथि हो।

घरेलु उपभोक्ता गतिविधि सुस्त हुँदै गएको अवस्थामा निर्यातमा आएको यो वृद्धि विश्वको दोस्रो ठूलो अर्थतन्त्रका लागि महत्वपूर्ण सहारा बनेको छ। यसले गत वर्ष हासिल गरिएको चीनको रेकर्ड व्यापार अधिशेषलाई थप विस्तार गरेको छ। पहिलो दुई महिनाको व्यापार तथ्यांक सामान्यतया चन्द्र नयाँ वर्षको बिदाका कारण हुने उतारचढावलाई समेटेर संयुक्त रूपमा सार्वजनिक गरिन्छ। यस पटकको तथ्यांकले मध्यपूर्वमा युद्ध सुरु हुनुअघि नै चीनको अर्थतन्त्रले सन् २०२६ को सुरुआत बलियो ढंगले गरेको संकेत दिएको छ।

क्यापिटल इकोनोमिक्सका अर्थशास्त्री जिचुन हुआङका अनुसार हालै अमेरिकी भन्सार शुल्कमा आएको कमी र सेमिकन्डक्टरप्रतिको उच्च मागका कारण चीनको निर्यात अझै केही समय बलियो रहन सक्ने सम्भावना छ।

यद्यपि चीनको बढ्दो व्यापार अधिशेषलाई लिएर उसका प्रमुख व्यापारिक साझेदारहरूले चिन्ता व्यक्त गर्दै आएका छन्।


# Changunarayan Municipality
## Office of the Municipal Executive
Kharipati, Bhaktapur
Bagmati, Nepal

## Invitation for Bids

Date of publication: 2082/11/27

1. Changunarayan Municipality, office of the Municipal Executive, Kharipati, Bhaktapur invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidder may e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the municipal's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Rajaswa (revenue) Shirshak No. GA – 1.1: 0220150321500018
3. Information to Deposit the Bid Security Amount in Bank:
   Name of Office: Changunarayan Municipality, Kharipati, Bhaktapur
   Name of the Bank: Prabhu Bank Ltd. Bhaktapur Branch
   Dharauti (Deposite) Account No. GA – 3.0: 0220150321500115
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Pre-bid meeting shall be held at Changunarayan Municipality, kharipati, Bhaktapur on at 13:00 Hrs on B.S. 2082/12/15 (A.D. 29th Mar. 2026).
6. Bidders can bid as a single contractor or in the form of joint venture of maximum of three contracting firms.
7. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost.

| S.N. | Contract No. | Description of Work | Estimate Amount NRs. (without VAT, Contingency & P.S.) | Bid Security Amount (NRs.) | Bid Validity Period (days) | Payment of Non-Refundable Amount (NRS.) | Bid Submission Date, Time and Place | Bid Opening Date, Time and Place |
|---|---|---|---|---|---|---|---|---|
| 1. | CM/Works/ 12/082/83/01 | Upgrading Works for Acharya Tole Gaya Tole, Ward – 03, Cha. Na.Pa. | 34,07,444.41 | 95,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.0 | Before 12.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. | After 13.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. |
| 2. | CM/Works/ 12/082/83/02 | Upgrading Works for Krishna Mandir Gojatole Hudai Hanumantar Niskine Bhitri Sadak, Ward – 02, Cha.Na.Pa. | 12,93,970.54 | 35,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.0 | Before 12.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. | After 13.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. |
| 3. | CM/Works/ 12/082/83/03 | Nagarpalika Aggadi Khola Kholne tatha Nagarpalika Bhitra Khola Kholsi Samrakxan | 21,95,245.26 | 60,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.0 | Before 12.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. | After 13.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. |
| 4. | CM/Works/ 12/082/83/04 | Construction of Cha. Na. Pa. 9 ka Bibhinna Sadakharu – Tathali Khanda, Changu Fast Track Khanda, Brahmayani Sadak, Chundevi Sadak Gothale Chaur bata Saudol Jayaram Marg. | 69,68,879.48 | 1,90,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.0 | Before 12.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. | After 13.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. |
| 5. | CM/Goods/ Machine/ 02/082/83/01 | Procurement of Lift for Changunarayan Municipality | - | 1,25,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.0 | Before 12.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. | After 13.00 hour on 2082/12/29 at the office of Changunarayan Municipality, Kharipati. |

**Chief Administrative Officer**

राजधानी आर्थिक


## सुन चाँदी



छापावाल प्रतितोला - रू.३,१७,०००/-
चाँदी प्रतितोला - रू.५,७२०/-
यो दर मंगलबारको हो)

# उदयपुरमा २८ करोडको सुन्तला उत्पादन


**ईश्वर तामाङ/राजधानी**


उदयपुर, २६ फागुन

उदयपुरमा परम्परागत रूपमा गरिँदै आएको खेती प्रणालीलाई छाडेर अहिले यहाँका किसान सुन्तला खेतीमा आकर्षित हुन थालेका छन्। पहाडी भेगमा मकै, कोदो, फापर लगाउँदै आएका यहाँका किसान पछिल्लो समय सुन्तला खेतीमा आकर्षित भएका हुन्। पहिले आफूलाई खान मात्र सुन्तला लगाउँदै आएका स्थानीय कृषक अहिले व्यावसायिक खेती गर्न आकर्षित हुन थालेका छन्। कृषि ज्ञान केन्द्र उदयपुरले चालू आर्थिक वर्षमा ६ सय ३२ हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुने गरेको जानकारी दिएको छ। सुन्तला खेती भएकामध्ये ४ सय ७० हेक्टरबाट सुन्तला उत्पादन दिन थालेको छ। जसमा ३ हजार ९ सय ९५ मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख योगेन्द्रप्रसाद यादव बताउँछन्।

पछिल्लो समय वृद्धि हुँदै गएको सुन्तला खेतीले उदयपुरमा वार्षिक रूपमा २८ करोड रुपैयाँबराबरको सुन्तला उत्पादन हुने गरेको तथ्यांकले देखाएको छ। विगतका वर्षहरूमा भन्दा यस वर्ष सुन्तला उत्पादन बढेको हो। उदयपुरमा केही वर्ष यता सुन्तला उत्पादन बढ्दै गएको छ।

चालू आर्थिक वर्षमा ६ सय ३२ हेक्टर क्षेत्रफल जमिनमा सुन्तला खेती गरिएको थियो। जसमध्ये ४ सय ७० हेक्टर उत्पादन क्षेत्रबाट ३ हजार ९ सय ९५ मेट्रिक टन सुन्तला उत्पादन भएको छ। जसबाट करिब २८ करोड रुपैयाँबराबरको सुन्तला बिक्री भएको कृषि ज्ञान केन्द्र उदयपुरले जनाएको छ।

कृषि ज्ञान केन्द्र उदयपुरका प्रमुख यादवका अनुसार कुल उत्पादनको करिब ३० प्रतिशत सुन्तला भने किसानले आफैँ उपभोग गर्ने तथा आफन्तजनलाई बाँड्ने गरेका छन्। बाँकी ७० प्रतिशत मात्र व्यावसायिक रूपमा बजारमा बिक्रीका लागि जाने गरेको सो केन्द्रले जनाएको छ।

कृषि ज्ञान केन्द्र प्रमुख यादवले सुन्तला खेती व्यावसायिक मात्र नभई ग्रामीण खाद्य सुरक्षासँग पनि जोडिँदै गएको बताए। उनका अनुसार सुन्तला खेतीप्रति पछिल्लो समय कृषकमा आकर्षण बढ्दै गएको छ। गत वर्षको तुलनामा चालू आर्थिक वर्ष खेती गर्ने जमिन बढ्नुले पनि उत्पादन बढेको सो केन्द्रले जनाएको छ। कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार गत आर्थिक वर्ष ६ सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको थियो। त्यसमध्ये ४ सय ६८ हेक्टर क्षेत्रफलमा ३ हजार ५ सय १० मेट्रिक टन उत्पादन भएको थियो। चालू आवमा क्षेत्रफल जमिन २ हेक्टरले मात्र बढे पनि उत्पादन भने ४ सय ८५ मेट्रिक टनले वृद्धि भएको छ। यसले सुन्तला खेतीमा उत्पादकत्व बढेको देखाउँछ। स्थानीय कृषकका अनुसार बोट व्यवस्थापन, समयमै मलखादको उचित प्रयोग, रोग नियन्त्रण तथा किसानको अनुभव वृद्धिले सुन्तला खेती र उत्पादन दुवै बढ्न सहयोग पुगेको हो।

हाल उदयपुरको पहाडी भेगमा सुन्तला खेती लगाउने गरिएको छ। समशीतोष्ण हावापानी भएको जमिन सुन्तला खेतीका लागि उपयुक्त मानिन्छ। कृषि ज्ञान केन्द्रका अनुसार उदयपुरका लिम्चुङबुङ, ताप्ली र रौतामाई गाउँपालिका तथा कटारी नगरपालिकाका पहाडी भेगका विभिन्न क्षेत्र सुन्तला उत्पादनका मुख्य भूमि हुन्। यी क्षेत्रमा परम्परागत खेतीसँगै पछिल्ला वर्षमा व्यावसायिक सुन्तला खेती गर्ने किसानको संख्या बढ्दै गएको छ।

उत्पादन बढेसँगै बजारमा सुन्तलाको आपूर्ति पनि बढेको छ। तर, किसान अझै मूल्य स्थिरता, भण्डारण सुविधाको अभाव तथा ढुवानी खर्च बढी लाग्ने समस्याले पीडित छन्। कृषि ज्ञान केन्द्रले उचित भण्डारण, प्रशोधन उद्योग तथा चिस्यान केन्द्र र उचित बजार व्यवस्थापन गर्न सके सुन्तला खेतीबाट किसानले यस भन्दा बढी आम्दानी लिन सक्ने सम्भावना रहेको बताएको छ। सुन्तला उत्पादनमा बर्सेनि हुँदै आएको वृद्धिलाई दिगो र व्यवस्थित बनाउन खेतीको क्षेत्रफल बढाउने, प्रविधि विस्तार तथा यान्त्रिकीकरण गर्ने तथा रोग नियन्त्रण र बजार सुनिश्चित गर्नुपर्ने खाँचो किसानले औंल्याएका छन्। त्यसो गर्न सके उदयपुरका जनता सुन्तला खेतीबाटै आत्मनिर्भर र समृद्ध हुन सक्ने सम्भावना रहेको सो केन्द्रले जनाएको छ।

सुन्तला खेती विस्तारसँगै उदयपुरमा सुन्तला जोन क्षेत्र कार्यक्रम सञ्चालन हुँदै आएको छ। लिम्चुङबुङ गाउँपालिका दुई वर्षदेखि जिल्लाको प्रमुख सुन्तला जोन क्षेत्र बन्दै गएको छ। लिम्चुङबुङ गाउँपालिका-४ बलम्ता चलेसटेम्माका सुन्तला उत्पादक कृषक रेसराज राईका अनुसार पाँच वर्षअघिसम्म गाउँमा ८ सयदेखि एक हजार २ सय बोट भन्दा बढी सुन्तला



थिएनन्। पाँच वर्ष यता प्रत्येक घरका कृषकले २ सय देखि ४ सयसम्म सुन्तलाका बिरुवा विस्तार गरेको उनले सुनाए। उनले पनि ४ सय ५० बिरुवा हुर्काइसकेको जानकारी गराउँदै अहिले फल दिन थालेको बताए।

लिम्चुङ्बुङ गाउँपालिकाका उपाध्यक्ष पुष्पलाल राईले पाँच वर्षदेखि पालिकालाई सुन्तला जोन बनाउने अभियान सुरु भएको बताए। अहिले ५० हजार भन्दा बढी सुन्तलाका बिरुवा विस्तार गरिएको उनले जानकारी दिए। लिम्चुङबुङ गाउँपालिका-२ ताम्लिछाका कृषक लखनसेर राईले पहिला आफ्नो बगानमा २० बोट सुन्तला रहेको र अहिले दुई सय २५ बोट पुगिसकेको बताए। अर्का कृषक खेमबहादुर कार्कीले दुई वर्षदेखि वार्षिक एकलाख ५० हजार रुपैयाँबराबरको सुन्तला बिक्री गर्न थालेको बताए। लिम्चुङ्बुङ गाउँपालिका-५ जाँते हिम्मा, खोस्टुङ क्षेत्रमा पनि दसौं हजार सुन्तलाका बिरुवा हुर्किएका छन्। अहिले यो क्षेत्र सुन्तलामय बनेको वडाध्यक्ष केशर राईले जानकारी दिए। सो गाउँपालिकाका उपाध्यक्ष राईका अनुसार पछिल्लो समय सुन्तताखेती विस्तार भएसँगै यस क्षेत्रबाट वार्षिक ५० लाख रुपैयाँसम्मको सुन्तला बिक्री हुन थालेको छ। अहिले पनि सुन्तलाका बिरुवा हुर्किरहेकाले आगामी चार वर्षभित्र यस पालिकामा वार्षिक १० करोड रुपैयाँभन्दा बढीको सुन्तला बिक्री हुने अपेक्षा गरिएको छ।

अहिले पालिकाका सबै वडामा 'एक घर सय बोट सुन्तला' अभियान सञ्चालन गरेर खेती विस्तार गर्न थालिएको सो गाउँपालिकाका जनप्रतिनिधि बताउँछन्। हाल सुन्तलाका बिरुवा हुर्किरहेकाले आगामी चार वर्षभित्र यस पालिकामा १० करोड रुपैयाँभन्दा बढीको सुन्तला बिक्री हुने अनुमान गरिएको छ।

लिम्चुङबुङ गाउँपालिकाका उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष पुष्पलाल राईले पनि यसअघि सबैभन्दा बढी सुन्तला उत्पादन क्षेत्रका रूपमा ताप्ली गाउँपालिका रहेको र अहिले ताप्लीमा भन्दा लिम्चुङ्बुङ गाउँपालिकामा सबैभन्दा बढी सुन्तलाको बिरुवा लगाएको बताए।

# आज दुबईमा विशेष उडान भर्दै निगम


**राजधानी समाचारदाता**


काठमाडौं, २६ फागुन

नेपाल वायुसेवा निगमले मध्यपूर्वमा उत्पन्न द्वन्द्वको तनाव र हवाई सुरक्षा चुनौतीका कारण अवरूद्ध भएको काठमाडौं-दुबई उडान १२ दिनपछि सञ्चालन गर्ने भएको छ। निगमले बुधबार (आज) विशेष उडान भर्न लागेको जनाएको हो। मुलुकको राष्ट्रिय ध्वजाबहाक निगमले यस गन्तव्यमा जाने हवाई यात्रुलाई निगमबाट टिकटको प्रमाणीकरण गर्न आग्रह गरेको छ।

यसअघिको उडान तालिका बमोजिम निगमले गत १६ फागुन देखि सोमबारसम्म रोकिएका यात्रुलाई सेवा दिन विशेष उडान सञ्चालन गर्ने जनाएको छ। निगमले बुधबार सार्वजनिक सूचना जारी गर्दै बुधबार र बिहीबारका लागि काठमाडौं-दुबई दुईतर्फी विशेष उडानको तालिका सार्वजनिक गरेको छ।

निगमका अनुसार सो रुटमा आवतजावत गर्ने हवाई यात्रुको सहजताका लागि बुधबार राति ११:१५ बजे काठमाडौंबाट उडान हुनेछ भने बिहीबार स्थानीय त्यहाँको स्थानीय समय अनुसार बिहान ४:१० बजे दुबईबाट काठमाडौं फर्कने उडान तालिका तय गरिएको छ।

हाल मध्यपूर्वमा बढ्दो असुरक्षाका कारण निगमले गत १६ फागुनदेखि यस क्षेत्रका सबै उडानहरू पूर्ण रूपमा रद्द गरेको जनाएको छ।

निगमले भर्ने यस विशेष उडानमा सो गन्तव्यमा रोकिएका यात्रुलाई प्राथमिकता दिने भएको छ। जसका लागि उडान रद्द हुँदा गत १६ फागुनदेखि बिहीबारसम्मको हवाई टिकट लिएर पनि यात्रा गर्न नपाएका यात्रुहरूलाई निगमले विशेष प्राथमिकतामा राखेको बताएको छ।

निगमले पहिलो प्राथमिकतामा रहेका हवाई यात्रुहरूमध्ये बुधबारको उडानमा यात्रा गर्न इच्छुक 'पहिलो आउनेलाई विशेष प्राथमिकता' को आधारमा सिट उपलब्ध गराइने बताएको छ। यसका लागि यात्रुहरूले आफ्नो टिकट निगमको तोकिएको इमेल ठेगानामा पठाएर पुनः प्रमाणीकरण गराउनुपर्नेछ। प्रमाणीकरण गरिएका यात्रुहरूलाई मात्र विमानस्थल प्रस्थान गर्न निगमले निर्देशन दिएको छ।

अझैसम्म सुरक्षाजोखिम कायमै रहेको यस गन्तव्यमा निगमले उडान सुचारु गरेपनि मध्यपूर्वको सुरक्षा चुनौती कायमै रहेकोतर्फ ध्यानाकर्षण गराएको छ।

## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८२/११/२७ गते

यस माछापुच्छ्रे बैंक लि. लहान शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ब्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/१०/२८ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर/साझेदार तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

**श्याम कुमारी ठाकुर**
ना.प्र.नं. १६-०१-७२-००९६८, जि.प्र.का. सप्तरी, जारी मिति : २०७२/०२/०७
बाबु : राजेन्द्र ठाकुर, पति : जितन ठाकुर, ससुरा : राजीन ठाकुर
ठेगाना : सप्तरी जिल्ला, कुशाहा गा.वि.स. वडा नं. ७, हाल : सप्तरी जिल्ला, सुरुङ्गा न.पा. वडा नं. ५

**व्यक्तिगत जमानतकर्ताहरू**

| **१. श्याम कुमारी ठाकुर** | **२. जितन ठाकुर** |
|---|---|
| ना.प्र.नं. १६-०१-७२-००९६८, जि.प्र.का. सप्तरी | ना.प्र.नं. : २५५९, जि.प्र.का. सप्तरी |
| जारी मिति : २०७२/०२/०७ | जारी मिति : २०५८/०४/०२ |
| बाबु : राजेन्द्र ठाकुर | बाबु : राजीन ठाकुर |
| पति : जितन ठाकुर, ससुरा : राजीन ठाकुर | बाजे : लालजी ठाकुर |
| ठेगाना : सप्तरी जिल्ला, कुशाहा गा.वि.स. वडा नं. ७ | ठेगाना : सप्तरी जिल्ला, कुशाहा गा.वि.स. वडा नं. ७ |
| हाल : सप्तरी जिल्ला, सुरुङ्गा न.पा. वडा नं. ५ | हाल : सप्तरी जिल्ला, सुरुङ्गा न.पा. वडा नं. ५ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

लालजी ठाकुरको नाति, राजीन ठाकुरको छोरा, सप्तरी जिल्ला, कुशाहा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सप्तरी, जिल्ला, सुरुङ्गा न.पा. वडा नं. ५ बस्ने जितन ठाकुरको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, कुशाहा गा.वि.स. वडा नं. ६ ख स्थित कि.नं. २५८ को क्षेत्रफल ०-१-१९.७५ (बि.क.धु.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८२/१२/१७ मंगलबार कार्यालय समय सम्म | २०८२/१२/१८ बुधबार दिनको ३:३० बजे |
| शाखा कार्यालय, लहान | शाखा कार्यालय, लहान |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लहान

## निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला, श्री दया राम अधिकारीको छोरा, श्रीमति कौशिल्या अधिकारीको श्रीमान सिरहा जिल्ला, लहान गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल मधेश प्रदेश, सिरहा जिल्ला, लहान न.पा. वडा नं. ५ मा बस्ने श्री बद्री प्रसाद अधिकारीको मिति वि.सं. २०८२/०९/०५ का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०३४०११०६०००१६६८ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको छोरा श्री हेमन्त अधिकारीले मिति २०८२/११/२५ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**सानिमा बैंक** www.sanimabank.com
लाहान शाखा, सिरहा, फोन : ०३३-५६५४०९

## निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री कितभ शेर्पाको नातिनि तथा श्री गोम्बु शेर्पाकी छोरी काठमाण्डौ जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ०३ मा बस्ने श्री ल्हाक्पा शेर्पाको मिति वि.सं. २०८२/१०/११ (२०२६-०१-२५ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०७८०११०९०००१३०३ र मुद्दती खाता नं. ०७८०१२११०००१४९८ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको छोरा पासाङ जाम्लीङ शेर्पाले मिति २०८२/११/१७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**सानिमा बैंक** www.sanimabank.com
जोरपाटी शाखा, काठमाण्डौ, फोन : ०१-४९१४७४१/५१


## EMPLOYMENT OPPORTUNITY IN ZERO COST RECRUITMENT IN MALAYSIA
## शून्य लागत भर्ती अर्न्तगत मलेशियामा रोजगारीको अवसर

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.**
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ।

**NAME OF EMPLOYER : HYPER-REGION LABELS SDN BHD**
**रोजगारदाताको नाम : हाइपर रिजेव लेवल्स् एसडिएन विएचडि**

| पूर्व स्वीकृति मिति : २०८२/११/२५ Pre Approval Date: 2026/03/09 | चलानी नं.: ६०२५३२५४ Reference No. 60253254 | LOT No. 339905 | शहर: TAMAN PERINDUSTRIAN |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ 1 | औधोगिक उत्पादक कामदार Factory Production Workers | ६ 6 | ० 0 | अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्न | १७०० 1700 | ५३,३१९ 63,319 | As per Company Rule कम्पनी नियम अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Management of Social Security fund cost सामाजिक सुरक्षा कोष व्यवस्थापन | Rate of service Charge and who will borne सेवा शुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR 700/- By the Empoloyer ने.रू.७००/- रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Empoloyer ने.रू.१५००/- रोजगारदाताले व्यहोर्ने | NPR 2596/- By the Empoloyer ने.रू.२५९६/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)**

1. **Orientation & Counselling Session** (अभिमुखीकरण तथा परामर्श शत्र)
**The Orientation and Counselling Session will be held from 15th March 2026 to 16th March 2026 at MHR office premises.**
अभिमुखीकरण तथा परामर्श शत्र १ फागुन देखि २ फागुन २०८२ सम्म कार्यालय परिसरमा सञ्चालन हुनेछ।
2. **Final Interview** (अन्तिम-अन्तर्वार्ता)
**The final interview is scheduled to take place on 17th March 2026 (Final interview date), at MHR office premises.**
(अन्तिम-अन्तर्वार्ता मिति २०८२ फागुन ३ गते कार्यालय परिसरमा हुनेछ।)

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् र BEWARE OF ILLEGAL RECRUITERS**

१. मास ह्युमन रिसोर्स प्रा.लि. (एमएचआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरु, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने। Mass Human Resourse P. Ltd (MHR) does not have any branch or mediator representative. MHR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.
२. धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचार विरुद्ध MHR को हटलाइन ९७७ ९८५-१०००२६८ मा रिपोर्ट गर्न स्वतन्त्र महसुस गर्नु वा **grievance.massmngt@gmail.com** मा इमेल गर्नुहोस्। हामी तपाईको गोपनीयता कायम राख्नेछौं। Feel free to report against froud, Illegal activities or corruption in IMR's hotline +977 9851000268or emali at **grievance.massmngt@gmail.com** We shlla maintain your confidentiality.

**Note: (नोट:)**

1. This is a zero–cost recruitment process. Applicants are encouraged to apply directly, without the involvement of any third–party agents or mediators. Neither applicants nor their family members are required to pay any fees, provide gifts, or enter into any form of financial agreement, such as bonds or loans, in connection with this recruitment. यो नि:शुल्क रोजगारी प्रक्रिया हो। (इच्छुक आवेदकहरूले कुनै बिचौलिया वा एजेन्टको सहयोग बिना सिधै आवेदन दिन सक्नुहुन्छ। आवेदकहरु वा उनका परिवारका सदस्यहरूले यस रोजगारीका लागि कुनै पनि शुल्क, उपहार, धरौटी वा ऋण तिर्नु पर्दैन।)
2. Attendance at both the pre–screening orientation and pre selection is mandatory for all aspiring applicants. Only those who are pre–selected will be considered for the final interview. (सबै इच्छुक आवेदकहरूले पूर्व-स्क्रिनिङ अभिमुखीकरण र पूर्व-छनोटमा उपस्थित हुनु अनिवार्य छ। पूर्व-छनोट गरिएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)
3. Recruitment process will be carried out in line with the policy of freely chosen employment, ensuring that no form of bias or discrimination takes place. (यो भर्ती प्रक्रिया स्वतन्त्र रूपमा रोजगारी छान्ने नीतिअनुसार गरिनेछ, जसमा कुनै पनि प्रकारको पक्षपात वा विभेद हुने छैन।)
4. For age verification during the pre–screening process, all applicants are kindly requested to bring at least two original government–issued identity documents. Acceptable documents include a citizenship card, passport (mandatory), national identity card, voterÚs card, driving license, and similar official IDs. Please note that presenting a valid passport is compulsory. (पूर्व छनोट प्रक्रियामा उमेर प्रमाणित गर्न सबै आवेदकहरूले कम्तीमा दुईवटा सरकारी निकायबाट जारी गरिएका मौलिक परिचयपत्र ल्याउनुपर्नेछ। नागरिकता प्रमाणपत्र, राहदानी (अनिवार्य), राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र जस्ता परिचयपत्रहरु मान्य हुन्छन्। कृपया ध्यान दिनुहोस्, राहदानी अनिवार्य रूपमा ल्याउनुपर्नेछ।)

**Important Information for candidates Applying under Zero–Cost Recruitment**
**(शून्य लागत भर्ती अन्तर्गत आवेदन गर्ने उम्मेदवारहरूको लागि महत्वपूर्ण जानकारी)**

1. **No Sub–Agents Involvement –** MHR strictly conducts all recruitment processes directly, without the involvement of middlemen or sub–agents. In line with the Government of Nepal's regulations, the engagement of sub–agents in recruitment activities is strictly prohibited. (कुनै सब-एजेन्टको संलग्नता छैन MHR ले सबै भर्ती प्रक्रिया सिधै गर्छ, बिचौलिया वा सब-एजेन्ट बिना। नेपाल सरकारको नियम अनुसार, भर्तीमा सब-एजेन्टको संलग्नता कडाइका साथ निषेध गरिएको छ।)
2. **No Gifts, Bribes, or Conflict of Interest –** – Candidates are strictly prohibited from offering or accepting gifts or bribes, and the recruitment process will be maintained with full integrity, free from any conflict of interest. (उपहार, घुस वा स्वार्थविरोधी अवस्था छैन उम्मेदवारहरुले उपहार वा घुस दिन वा लिन पाउने छैनन्, र भर्ती प्रक्रिया पूर्ण इमान्दारीसाथ, कुनै स्वार्थविरोध बिना संचालन हुनेछ।)
3. **Age Verification –** Candidates are required to submit at least two original documents as valid proof of age to confirm their eligibility in accordance with legal requirements. (Citizenship and National Id Card) (**उमेर प्रमाणिकरण** - उम्मेदवारहरुले कानुनी आवश्यकता अनुसार आफ्नो योग्यताको पुष्टि गर्न कम्तिमा दुईवटा मूल कागजात पेश गर्नुपर्छ। (नागरिकता र राष्ट्रिय परिचयपत्र)
4. **Non–Discrimination –** All candidates will be treated with fairness and equality, without any form of bias or discrimination on the grounds of gender, religion, ethnicity, or any other personal characteristic. (**भेदभाव छैन** - सबै उम्मेदवारहरुसँग समानता र निष्पक्षताका साथ व्यवहार गरिनेछ, लिङ्ग, धर्म, जाति वा अन्य व्यक्तिगत विशेषताका आधारमा कुनै भेदभाव गरिने छैन।)
5. **Freedom of Association & Collective Bargaining –** Candidates have the right to join associations, form groups, and participate in collective bargaining activities without restriction. (**संघ/समूहमा आवद्ध हुने स्वतन्त्रता** - उम्मेदवारहरूलाई संघ/समूहमा आवद्ध हुने, समूह बनाउन र सामूहिक छलफल / सम्झौतामा भाग लिन स्वतन्त्रता छ।)
6. **Grievance and Whistleblower Reporting Alert:** MHR promotes a Speak–Upæ culture. Employees and applicants are encouraged to report any unethical behavior without fear of retaliation. Anonymous reporting is accepted. Grievance Reporting Mechanism Emailing at: grievance.massmngt@gmail.com or making direct call & SMS at +977 9851000268. (**उजुरी र Whistleblower रिपोर्ट**: MHR ले "बोल्नुहोस्" संस्कृति प्रवर्धन गर्दछ। कर्मचारी र उम्मेदवारहरुले कुनै पनि अनैतिक व्यवहार रिपोर्ट गर्न डराउनु पर्दैन। गुमनाम रिपोर्टिङ पनि स्वीकार्य छ। उजुरी रिपोर्टिङको लागि इमेल: grievance.massmngt@gmail.com)

**वा सोझै कल/एसएमएस गर्नुहोस्: +९७७ ९८५-१०००२६८**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस। 1. Confirm that Visa is issued under your name. २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला। आफु कठिनाई मापर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस। 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसग राख्नुहोला। 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला। 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Tahachal.

**वैदेशिक रोजगारमा जान इच्छुक कामदारहरूले यो QR मार्फत आवेदन दिन सक्नु हुनेछ।**

An ISO 9001:2015 CERTIFIED COMPANY

**MASS HUMAN RESOURCE PVT. LTD.**
(Iso certified ethical recruitment company) | Samakhusi, KTM, Nepal
Tel: +977-1-4983088, 4955765
Govt. Lic. No. 938/067/068

■ अनलाइन पोर्टलमा धमाधम विवरण भरिँदै

# खाडीमा रहेका ५५ हजार नेपालीले टिपाए समस्या

**राजधानी समाचारदाता**
काठमाडौं, २६ फागुन

एक साता अघिदेखि मध्यपूर्व क्षेत्रमा चर्किएको द्वन्द्वपछि उत्पन्न तनावका कारण विभिन्न समस्याबारे जानकारी गराउन खाडी राष्ट्रमा रहेका ५५ हजार नेपालीले अनलाइन दर्ता प्रणालीमार्फत आ-आफ्नो विवरण टिपाएका छन्। गत १५ फागुनमा इरानमाथि इजरायल र अमेरिकाले प्रहार गरेको मिसाइल आक्रमणपछि मध्यपूर्व एवं पश्चिम एसियाली देशमा रहेका कुल १७ लाख २९ हजार नेपाली कामदारमध्ये अहिलेसम्म ५५ हजार ५ सय ९६ जनाले सरकारले उपलब्ध गराएको अनलाइन दर्ता प्रणालीमार्फत विवरण टिपाएका हुन्।

सरकारले गत १९ फागुनबाट मध्यपूर्व क्षेत्रमा समस्यामा परेका एवं विभिन्न देशको विमानस्थलका ट्रान्जिटमा रहेका र अलपत्र परेका नेपालीको विवरण संकलन गरी आवश्यक उद्धारका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ। परराष्ट्र मन्त्रालय कन्सुलर सेवा विभागले संयुक्त अरब इमिरेट्स (यूएई), कतार, ओमान, बहराइन, साउदी अरब, जेहद्दामा रहेका नेपालीको समस्याबारे जानकारी लिएर उद्धार एवं आवश्यक सहयोग पुर्‍याउने उद्देश्यले सो अनलाइन पोर्टल सञ्चालनमा ल्याएको हो।

सरकारले पहिलो चरणमा अनलाइन पोर्टलमार्फत नेपाल फर्कने क्रममा विमानस्थलमा अलपत्र परेकाहरूको उद्धार गर्ने तयारी गरेको छ। सो अनलाइन पोर्टललाई पूर्णरूपले कार्यान्वयनमा ल्याउन सरकारले सम्बन्धित सरोकारवाला नेपालीलाई आफ्नो विवरण अद्यावधिक गर्न अनुरोध गरेको छ।

विभागका अनुसार पहिलो चरणमा भिसा समाप्त भइसकेका वा असहज अवस्थामा रहेका नेपालीले यही अनलाइन पोर्टलमार्फत व्यक्तिगत विवरण र अवस्थाबारे जानकारी प्रविष्ट गर्नुपर्नेछ।

गत १५ फागुनमा इजरायल र अमेरिकाले इरानमा मिसाइल आक्रमण गरेपछि इरानले त्यसको प्रतिकार स्वरूप अहिलेसम्म मध्यपूर्वका विभिन्न देशमा रहेका अमेरिकी सैन्य क्याम्पहरूमा मिसाइल आक्रमण गर्दै आएको छ। जसका कारण मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिले समस्यामा परेका तथा विभिन्न विमानस्थलको ट्रान्जिटमा अलपत्र परेका नेपालीको विवरण संकलन तथा आवश्यक सहयोग र उद्धारका लागि सरकारले सो अनलाइन पोर्टल सञ्चालनमा ल्याएको हो। अझै मध्यपूर्व क्षेत्रमा रहेका लाखौं नेपाली कामदारको सुरक्षा चिन्ता बढेको भन्दै परराष्ट्र मन्त्रालयले नेपाली कामदारको सुरक्षा र उद्धारका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याएपछि धमाधम विवरण टिपाउने काम भइरहेको र नेपाली नियोगहरू निरन्तर समन्वयमा रहेको जनाएको छ।

अब अनलाइन पोर्टलमा दर्ता भएका विवरणहरू प्राथमिकताका साथ अध्ययन गर्दै आवश्यकताअनुसार कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको परराष्ट्र मन्त्रालयले जनाएको छ। आफ्ना नागरिकको सुरक्षाका लागि परराष्ट्र मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतका निकायहरू विभिन्न देशमा रहेका दूतावास एवं कूटनीतिक नियोगमार्फत उनीहरूको सुरक्षा, आवश्यक परेको खण्डमा उद्धार गर्ने व्यवस्था मिलाउने प्रयास जारी रहेको बताएको छ।

यी जोखिमयुक्त देशमा रहेका नेपालीको सुरक्षा, हित तथा कल्याणको सुनिश्चितताका लागि सम्बन्धित देशमा रहेका नेपाली नियोगहरू निरन्तर क्रियाशील रहेको मन्त्रालयले जनाएको छ।

जसका लागि त्यहाँ रहेका नेपाली नियोगहरूले समस्यामा परेका नेपालीको उद्धार तथा सहायताका लागि निरन्तर समन्वय गरिरहेको मन्त्रालयको दाबी छ।

अहिले मध्यपूर्व क्षेत्रमा रहेका सबै नेपाली दूतावास तथा महावाणिज्य दूतावासहरू पूर्ववत् रूपमा खुला रहेको र राहदानी नवीकरण गर्नेलगायत अत्यावश्यक कार्यका लागि सेवाग्राहीले फोन नम्बर वा इमेलमा सम्पर्क गरी समय मिलाएर नियोगमा जानसमेत अनुरोध गरेको मन्त्रालयले जनाएको छ।

यसैगरी, अहिलेसम्म रोकिएको हवाई उडानसम्बन्धी जानकारीका लागि पनि सम्बन्धित उडान कम्पनीहरू, निकायहरू तथा नियोगहरूका आधिकारिक सूचना हेरी आवश्यक जानकारी प्राप्त गर्न समेत मन्त्रालयले आग्रह गरेको छ।

अहिले खाडी क्षेत्रका धेरैजसो मुलुकमा त्यहाँका सम्बन्धित निकायहरूले सुरक्षा सावधानीका उपाय तथा सचेतनामूलक जानकारी दैनिक रूपमा अद्यावधिक गरिरहेका छन्। त्यहाँको सरकार तथा नेपाली नियोगहरूले जारी गरेका सूचना, जानकारी, सावधानीका उपायहरूबारे जानकारीमा रहन पनि मन्त्रालयले आग्रह गरिएको बताएको छ। यी देशमा रहेका सबै नेपालीलाई विषम परिस्थितिमा संयमित, सचेत र सजग रहन तथा कानुनविपरीत हुने किसिमका फोटो, भिडियो वा अडियो सामग्रीहरू रेकर्ड गर्ने र आदान-प्रदानका काम नगर्न समेत मन्त्रालयले आफ्ना नागरिकलाई आग्रह गरेको छ। मन्त्रालयका अनुसार अहिले यी देशका धेरै स्थानमा हवाई उडानहरू पूर्णरूपमा सञ्चालन नभए पनि केही स्थानबाट सीमित रूपमा सञ्चालन भइरहेका छन्। यूएईमा फ्लाई दुबई र एयर अरेबियाका सीमित उडानहरू मात्र सञ्चालनमा छ। अझै सो मुलुकबाट काठमाडौंमा सिधा नियमित व्यावसायिक उडान हुन सकेको छैन।

दुबई विमानस्थलमा अस्थायी अवरोधपछि उडान पुनः सञ्चालनमा आएको छ। यसैगरी, साउदी अरेबिया र ओमानतर्फ हवाई सेवा हाल पुनः सञ्चालनमा रहेकाले इच्छुक नेपाली नागरिकले त्यहाँबाट पनि हवाई यात्रा गर्न सकिने मन्त्रालयले जानकारी गराएको छ। अझै आपतकालीन कुनै समस्या आइपरेमा मन्त्रालयको इमरजेन्सी एक्सन रुमका टेलिफोन नम्बरहरू, इमेल वा सम्बन्धित मुलुकस्थित नेपाली नियोगहरूले उपलब्ध गराएका सम्पर्क नम्बर र इमेलमा तुरुन्त सम्पर्क गर्न समेत मन्त्रालयले सबैको ध्यानाकर्षण गराएको छ।




## आधिकारिक सूचना र हवाई उडानबारे जानकारी लिन आग्रह

**काठमाडौं/रास-** कुवेतस्थित नेपाली दूतावासले फेरि पनि त्यहाँको आधिकारिक निकायबाट जारी आधिकारिक सूचना तथा निर्देशन पालना गर्न नेपाली नागरिकलाई आग्रह गरेको छ। सो दूतावासले यसअघि पनि दुई पटकसम्म सार्वजनिक सूचनामार्फत यस्तो आग्रह गरेको थियो। दूतावासले सोमबार फेरि नयाँ सूचना जारी गर्दै आफ्ना नागरिकलाई आवश्यक सबै सुरक्षा विधि अपनाउन यस्तो आग्रह गरेको हो।

कुवेत सरकारले भिजिट भिसावाहक नेपालीको भिसा एक महिनाका लागि थप गरेको र सिभिल आईडीसम्बन्धी अवधि ३ महिना थप गरेको सो दूतावासले जनाएको छ। कुवेतमा रहेका नेपालीलाई कन्सुलर तथा अन्य सेवा आवश्यक परे दूतावास नियमित खुला रहेको समेत जानकारी दिएको छ। कुवेतस्थित नेपाली दूतावासले त्यहाँको आधिकारिक निकायहरूबाट जारी गरिएको सूचना तथा निर्देशन पालना गर्न अनुरोध गरेको जनाएको छ। दूतावासले मध्यपूर्व देशहरूमा विकसित परिस्थिति मध्यनजर गर्दै उच्च सुरक्षा सजगता अपनाउन नेपाली कामदारलाई तेस्रोपटक अनुरोध गरेको बताएको छ।

कुवेतको हवाई क्षेत्र खुलेपछि मात्र नियमित उडान सुरु हुने भएकाले त्यसबारे अद्यावधिक सूचनाका लागि कुवेतको उड्डयन प्राधिकरणको वेबसाइट हेर्न तथा आफ्नो सम्बन्धित वायुसेवा प्रदायक ट्राभल एजेन्सीसँग सम्पर्क गरिराख्न समेत अनुरोध गरेको छ।

कुवेत सरकारले त्यहाँ रहेका भिजिट भिसावाहक सबैको भिसा एक महिनाका लागि थप गरेको, कुवेत बाहिर रहेका कुवेतको सिभिल आईडीवाहकका हकमा विगतको कम्पनीमा काम गर्नेहरूका हकमा ६ महिना र घरेलु कामदारका हकमा ४ महिनाभन्दा बढी कुवेत बाहिर बस्दा सिभिल आईडी रद्द हुने व्यवस्था परिमार्जन गर्दै हालको अवस्थामा तोकिएको अवधिमा ३ महिना थप गरेको दूतावासले जनाएको छ। म्याद थप गरेको अवधि गत २८ फेब्रुअरीदेखि लागू भएको र यसबाहेक अन्य सबै भिसावाहकका हकमा भिसा अवधि समाप्त हुनुअघि आफ्नो रोजगारदातासँग सम्पर्क गरी भिसा अवधि नवीकरण गर्नसमेत दूतावासले आग्रह गरेको छ। सो दूतावासले कुवेतमा रहेका नेपालीलाई कन्सुलर तथा अन्य सेवा आवश्यक परेको अवस्थामा अत्यावश्यक सेवाका लागि नेपाली दूतावास नियमित खुला रहेको जनाएको छ।

Shree Sagarmatha Secondary School
Silichong Rural Municipality-3, Tamku, Sankhuwasabha
Koshi Province, Nepal

INVITATION FOR ELECTRONIC BIDS

Date of publication: 2082-11-27

1. *Shree Sagarmatha Secondary School, Tamku, Sankhuwasabha* invites electronic bids from eligible bidders for the procurement of the following goods :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. With Vat & PS Items) | Bid Security Amount (in Rs.) | Bid Document fee (in Rs.) | Type of Bid | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|---|---|
| SSS/01/ Goods/ 082/083 | Procurement, Supply and installation of Agricultural and Science Lab Equipments | 25,74,453.63 | 65,000 | 3,000 | NCB (Single Stage Single Envelope) | 2082/12/27 before 12:00 hrs | 2082/12/27 at 13:00 hrs | 90 days | 120 days |

2. Information to deposite the cost of bidding document in the following specified bank:-

| | |
|---|---|
| Name of the bank | Everest Bank Ltd., Silichong Branch |
| Name of the office | SHREE SAGARMATHA MADHYAMIK BIDHYALAYA, Silichong Rural Municipality-3, Tamku, Sankhuwasabha |
| Office IEMIS Code No | 090330008 |
| Rajaswa Account No | 08400105200069 (for bid document purchase) |
| Dharauti Account No. | 08400105200561 (for bid security deposite) |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
4. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Head Teacher

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल
महाराजगंज, काठमाण्डौ
सूचना नं. २२

बिद्युतिय बोलपत्र आह्वान गरिएको सूचना
(प्रकाशित मिति: २०८२/११/२७ गते)

आ.व. २०८२/०८३ मा यस अस्पतालको लागि तपशिलमा उल्लेखित सामाग्री बिद्युतिय बोलपत्रको माध्यमबाट (e-bidding/Single Stage Two Envelope Procedure) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरू खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | NPH/NCB/*18*/2082/083 | Skill Lab Set Up | ३,०००।- | १,३८,०००।- |

विस्तृत जानकारीको लागिः- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-४५१२४३०/१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

ABSOLUTELY ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator ! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

NAME OF EMPLOYER : MAYMAX PRECISION ENGINEERING SDN BHD
रोजगारदाताको नाम : मेम्याक्स प्रेसिजन इन्जिनियरिङ एसडिएन बीएचडी
EMPLOYER COMPANY ADDRESS/JOB SITE : MELAKA, MALAYSIA
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान : मेलाका, मलेसिया

| | | |
|---|---|---|
| पूर्व स्वीकृति मिति : २०८२/११/२६ Pre Approval Date: 2026/03/10 | चलानी नं.: ६०२५३२८० Reference No. 60253280 | लट नं.: ३३९९४५ LOT No. 339945 |

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ 1 | साधारण कामदार / औद्योगिक कामदार General Worker / Factory Worker | ०८ 08 | ० 0 | Able to read, Write & Speak Basic English, do simple mathematical calculation आधारभूत अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्न, साधारण गणित | १७०० 1700 | ६३,००० 63000 | As per Company Rule कम्पनी नियम अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Condition / रोजगार नियम र सर्तहरू

1. Nature /Scope of Work : Producing and Assembling high-precision metal component
कार्यको प्रकृती/क्षेत्र: पुन्ने र संयोजन गर्ने उच्च सुक्षम धोते कुराहरु उत्पादन गर्ने कम्पनी
2. Work Shift (कार्य शत्र):- Day Shift (दिवा शत्र) / Night Shift (रात्रीकालिन शत्र)
3. Overtime Facility (ओभरटाइम सुविधा):- The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies.
मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)
Overtime calculation will be as below: (ओभरटाइमको गणना निम्नानुसार हुने छ):
i) On Normal Days: Salary x 1.5 (सामान्य दिनको तलब x १.५)
ii) On Sunday/Rest Days: Salary x 2.0 (आइतबार र आराम दिनको तलब x २.०)
iii) On Public holidays: Salary x 3.0 (सार्वजनिक बिदाको दिनको तलब x ३.०)
4. Leave Entitlements & Working Hours (विदा र कार्य घण्टा सम्बन्धी विवरण)
All leave entitlements are fully paid according to the rules and apply over the two-year employment period.
(सबैबिदा अधिकारहरू नियमानुसर पूर्ण रूपमा भुक्तान गरिन्छ र दुई वर्षको रोजगार अवधिसम्ममा लागूहुनेछ ।)
a. Leave Entitlements (विदा सम्बन्धी विवरण)
- Annual Leave 8 Days in a year (बार्षिक बिदा ८ दिन)
- Sick Leave 14 days per year (बिरामी बिदा बर्षको १४ दिन)
- Hospitalization Leave 60 days per year (अस्पताल भर्ना वापतको बार्षिक बिदा ६० दिन)
- Public Holiday 11 days per year (सार्वजनिक बिदा बर्षको ११ दिन)
b. Key Working Hours Details (कार्य घण्टा सम्बन्धी विवरण)
Under Malaysian Employment Act, 1995, Key Details on Working Hours, which will be implemented (मलेसियाली रोजगार ऐन, १९९५ अन्तर्गत कार्य घण्टासम्बन्धी मुख्य विवरणहरू, जुन लागू हुनेछ)
- **Weekly Limit:** The Maximum of 45 hours (साप्ताहिक सीमा: अधिकतम ४५ घण्टा)
- **Breaks:** At least 30 minutes a Over working for 5 consecuove hours (विश्राम: लगातार ५ घण्टा काम गरेपछि कम्तीमा ३० मिनेटकोबेक्र)
- **Rest day:** Will get a day off in a week (आराम दिन: हप्तामा एक दिन बिदा पाउने ।) Workers can return to their home country in the event of an emergency without incurring any penalties.
("आपतकालीन अवस्थामा कामदारहरू कुनै पनि दण्ड जरिवाना बिना आफ्नो देश फर्कन पाउनेछन्।")
5. Medical and Accident Insurance (मेडिकल र दुर्घटना बीमा): Employment Injury Scheme Under the Employees' Social Security Act 1969 and if applicable, the Foreign Workers Health Insurance Scheme (SPIKPA) or any other insurance scheme as may be adopted by the Government of Malaysia.
कर्मचारी सामाजिक सुरक्षा ऐन १९६९ अन्तर्गत रोजगार चोट वा दुर्घटना योजना लागू भएमा विदेशी कामदार स्वास्थ्य बीमा योजना वा मलेसियाली सरकारले अपनाउन सक्ने अन्य कुनै बीमा योजनाहरू लागु हुनेछ ।
6. Right to freedom of association and collective bargaining will be respected. (संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।)
7. Right to freedom of Religion. (धर्मको स्वतन्त्रताको अधिकार ।)
8. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
(आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।)
9. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
९. स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले वहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Management of Social Security fund cost सामाजिक सुरक्षा कोष व्यवस्थापन | Rate of service Charge and who will borne सेवा शुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NPR 2100/- By the Empoloyer ने.रु.२१००/- रोजगारदाताले व्यहोर्ने | NPR 1500/- By the Empoloyer ने.रु.१५००/- रोजगारदाताले व्यहोर्ने | NPR 2596/- By the Empoloyer ने.रु.२५९६/- रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)

1. Pre-screening Orientation and Preselection Session (पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्र)
The pre-screening orientation and preselection session will be held on 16th March, 2026 at IMR office premises.
पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्र २०८२ साल चैत्र २ गते कार्यालय परिसरमा सञ्चालन हुनेछ ।
2. Final Interview (अन्तिम-अन्तर्वार्ता)
The final interview is scheduled to take place on 18th March, 2026, at IMR office premises.
(अन्तिम-अन्तर्वार्ता मिति २०८२ चैत्र ४ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)
*Note: Attendance at the pre-screening orientation and preselection is mandatory; only preselected applicants will be considered for the final interview.*
(नोटः पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन शत्रमा उपस्थिति अनिवार्य छ। पूर्व-चयन गरिएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)

अबैध भर्तीकर्ताहरूदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरूबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब आवेदकहरू, आवेदकको परिवार तथा आफन्तबाट कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने, जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने।

International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees shall be paid by the candidate or his/her family or relatives.

Note: (नोटः)
1. This is an absolutely zero-cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment including any form of gift, bonds or loans.
१. यो पूर्णतया शुन्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview.
२. सबै इच्छुक आबेदकहरू पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ । पूर्वचयनित उम्मेदवारहरू मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.
३. यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4. For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document. For example: citizenship card, existing passport, national identity card, voter's card, driving license, etc. Among them, passport is mandatory.
४. पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरूलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सकल कागजात ल्याउन अनुरोध गरिन्छ । जस्तैः नागरिकता, राहदानी (यदि छ भने, राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि ।

अबैध भर्तीकर्ताहरूदेखि साबधान रहनुहोस् / Beware of Illegal Recruiters
कृपया धोखाधडी, अबैध क्रियाकलाव वा भ्रष्टाचार विरुद्ध IMR को हटलाइन नं. +९७७ ९८०११३७७६९ मा वा इमेल grievance@imrsolution.com मा प्रतिशोध वा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता कायम राख्नेछौं।
Feel free to report against fraud, illegal activities or corruption in IMR's hotline +9779801137769 or email at grievance@imrsolution.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment)** :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं.हरु साथमा राख्नुहोला । आफु कठिनाई मापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

1. Confirm that Visa is issued under your name. 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. 6. While going abroad you must use International Airport of our country, or else might be deceived. 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Tahachal.

International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801045628/9862283838 (9am-5pm)"

का.जि.प्र.का.द.नं. १०३/०४०/४१, म.क्षे.हु.नि.द.नं. २४/२०६९/०७०

www.rajdhanidaily.com

बुधबार २७ फागुन २०८२
Wednesday 11 March 2026

राजधानी

# निर्वाचन विशेष







**२०८२ फागुन २० गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या**

| | |
|---|---|
| महिला | ९२,४०,१३१ |
| पुरुष | ९६,६३,३५८ |
| अन्य | २०० |
| जम्मा | १,८९,०३,६८९ |

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ अधिकांश नयाँ अनुहार

■ प्रत्यक्ष प्रणालीतर्फको सोमबार सम्पन्न मतगणना परिणामअनुसार सरकार बनाउने हैसियतमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मात्रै १ सय २५ सदस्य निर्वाचित भएका छन्। यसअघिको संसद्मा रास्वपाको २१ सदस्य रहेकामा तीमध्ये १२ जना दोहोरिएका छन् भने १ सय १३ जना नयाँ छन्

**रासस**
काठमाडौं, २६ फागुन



देशको विशिष्ट परिस्थितिमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ अधिकांश नयाँ अनुहार निर्वाचित भएका छन् । प्रत्यक्ष प्रणालीतर्फको सोमबार सम्पन्न मतगणना परिणामअनुसार सरकार बनाउने हैसियतमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मात्रै १ सय २५ सदस्य निर्वाचित भएका छन् ।

यसअघिको संसद्मा सो दलको २१ सदस्य रहेकामा तीमध्ये १२ जना दोहोरिएका छन् भने यसपटक निर्वाचितमध्ये १ सय १३ जना नयाँ छन् ।

प्रत्यक्षतर्फको १ सय ६५ निर्वाचन क्षेत्रमा रास्वपाले १ सय २५, नेपाली कांग्रेसले १८, नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले ९, नेपाली कम्युनिस्ट पार्टीले ८, श्रम संस्कृति पार्टीले ३ र राष्ट्रिय प्रजातन्त्र पार्टीले १ स्थानमा जित हासिल गरेका छन् । १ स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

अधिकांश नयाँ अनुहार जितेको रास्वापाबाट झापा निर्वाचन क्षेत्र नम्बर-१ बाट निशा डाँगी, क्षेत्र नम्बर-२ बाट इन्दिरा राना मगर, क्षेत्र नम्बर-३ बाट प्रकाश पाठक, क्षेत्र नम्बर-४ बाट शम्भुप्रसाद ढकाल र क्षेत्र नम्बर-५ बाट बालेन्द्र शाह निर्वाचित भएका छन् ।

त्यस्तै, मोरङ क्षेत्र नम्बर-१ बाट यज्ञमणि न्यौपाने, क्षेत्र नम्बर-२ बाट कृष्णकुमार कार्की, क्षेत्र नम्बर-३ बाट गणेश कार्की, क्षेत्र नम्बर-४ बाट सन्तोष राजवंशी, क्षेत्र नम्बर-५ बाट आशा झा र क्षेत्र नम्बर-६ बाट रुबिना आचार्य निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ ।

सुनसरी निर्वाचन क्षेत्र नम्बर-२ बाट लालविक्रम थापा, क्षेत्र नम्बर ३ बाट अशोककुमार चौधरी, क्षेत्र नम्बर-४ बाट दीपककुमार साह, ओखलढुंगा क्षेत्र नम्बर-१ विश्वराज पोखरेल, उदयपुर क्षेत्र नम्बर-१ बाट पारशमणि गेलाल र क्षेत्र नम्बर-२ बाट सूर्यबहादुर तामाङ निर्वाचित भएका छन् ।

सप्तरी क्षेत्र नम्बर-१ बाट पुष्पाकुमारी चौधरी, क्षेत्र नम्बर-२ बाट रामजी यादव, क्षेत्र नम्बर-३ बाट अमरकान्त चौधरी र क्षेत्र नम्बर-४ बाट सीताराम साह, सिराहा क्षेत्र नम्बर-१ बाट बब्लु गुप्ता, क्षेत्र नम्बर-२ बाट शिवशङ्कर यादव, क्षेत्र नम्बर-३ बाट शम्भुकुमार यादव र क्षेत्र नम्बर-४ बाट तपेश्वर यादव निर्वाचित भएका छन् ।

यसैगरी, धनुषा क्षेत्र नम्बर-२ बाट रामविनोद यादव, क्षेत्र नम्बर-३ बाट मनिष झा र क्षेत्र नम्बर-४ बाट राजकिशोर महतो, महोत्तरी क्षेत्र नम्बर-१ बाट प्रमोदकुमार महतो, क्षेत्र नम्बर-२ बाट दीपकुमार साह, क्षेत्र नम्बर-३ बाट उज्ज्वलकुमार झा र क्षेत्र नम्बर-४ बाट गौरीकुमारी विजयी भएका छन् ।

सर्लाही क्षेत्र नम्बर-१ मा नितिमा भण्डारी (कार्की), क्षेत्र नम्बर-२ मा रविन महतो, क्षेत्र नम्बर-३ मा नरेन्द्र साह कलवार र क्षेत्र नम्बर-४ मा अमरेशकुमार सिंह, रौतहट क्षेत्र नम्बर-१ मा राजेशकुमार चौधरी, क्षेत्र नम्बर-मा रवीन्द्र पटेल र क्षेत्र नम्बर-४ मा गणेश पौडेल निर्वाचित भएका छन् । सोही पार्टीबाट बारा क्षेत्र नम्बर-१ बाट गणेश धिमाल, क्षेत्र नम्बर-२ बाट चन्दनकुमार सिंह, क्षेत्र नम्बर-३ बाट अरबिन्द साह र क्षेत्र नम्बर-४ बाट रहबर अन्सारी, पर्सा क्षेत्र नम्बर-१ बाट बुद्धिप्रसाद पन्त, क्षेत्र नम्बर-२ बाट सुशीलकुमार कानु, क्षेत्र नम्बर-३ बाट रामाकान्तप्रसाद चौरसिया र क्षेत्र नम्बर-४ बाट टेकबहादुर शाक्य निर्वाचित भएका छन् ।

दोलखा क्षेत्र नम्बर-१ बाट जगदीश खरेल, रामेछाप निर्वाचन क्षेत्र नम्बर-१ बाट कृष्णहरि बुढाथोकी, सिन्धुली क्षेत्र नम्बर-१ बाट धनेन्द्र कार्की र क्षेत्र नम्बर-२ बाट आशिष गजुरेल, धादिङ क्षेत्र नम्बर-१ बाट आशिका तामाङ र क्षेत्र नम्बर-२ बाट बोधनारायण श्रेष्ठ, नुवाकोट क्षेत्र नम्बर-१ बाट विक्रम तिमिल्सिना र क्षेत्र नम्बर-२ बाट अचुत्तम लामिछाने निर्वाचित भएको आयोगले जनाएको छ ।

रास्वपाबाटै काठमाडौं क्षेत्र नम्बर-१ बाट रन्जु न्यौपाने, क्षेत्र नम्बर-२ बाट सुनिल केसी, क्षेत्र नम्बर-३ बाट राजुनाथ पाण्डे, क्षेत्र नम्बर-४ बाट पुकार बम, क्षेत्र नम्बर-५ बाट सस्मित पोखरेल, क्षेत्र नम्बर-६ बाट शिशिर खनाल, क्षेत्र नम्बर-७ बाट गणेश पराजुली, क्षेत्र नम्बर-८ बाट विराजभक्त श्रेष्ठ, क्षेत्र नम्बर-९ बाट डोलप्रसाद अर्याल र क्षेत्र नम्बर-१० बाट प्रदीप विष्ट, भक्तपुर क्षेत्र नम्बर-१ बाट रुकेश रन्जित र क्षेत्र नम्बर-२ बाट राजीव खत्री, ललितपुर क्षेत्र नम्बर-१ बाट बुद्धरत्न महर्जन, क्षेत्र नम्बर-२ बाट जगदीश खरेल र क्षेत्र नम्बर-३ बाट तोसिमा कार्की विजयी भएका छन् ।

उता, काभ्रेपलाञ्चोक क्षेत्र नम्बर-१ बाट मधुकुमार चौलागाई र क्षेत्र नम्बर-२ बाट बदनकुमार भण्डारी, सिन्धुपाल्चोक क्षेत्र नम्बर-१ बाट भरतप्रसाद पराजुली, मकवानपुर क्षेत्र नम्बर-१ बाट प्रकाश गौतम र क्षेत्र नम्बर-२ बाट प्रशान्त उप्रेती, चितवन क्षेत्र नम्बर-१ बाट हरि ढकाल, क्षेत्र नम्बर-२ बाट रवि लामिछाने र क्षेत्र नम्बर ३ बाट सोविता गौतम निर्वाचित भएका छन् ।

त्यस्तै, गोरखा क्षेत्र नम्बर-१ मा सुधन गुरुङ र क्षेत्र नम्बर-२ मा कविन्द्र बुर्लाकोटी, लमजुङ क्षेत्र नम्बर-१ मा धर्मराज केसी, कास्की क्षेत्र नम्बर-१ मा खडकराज पौडेल, क्षेत्र नम्बर-२ मा उत्तमप्रसाद पौडेल र क्षेत्र नम्बर ३ मा बिना गुरुङ, तनहुँ क्षेत्र नम्बर-१ मा स्वर्णिम वाग्ले र क्षेत्र नम्बर-२ मा श्रीराम न्यौपाने निर्वाचित भएका छन् । सोही पार्टीबाट स्याङ्जा क्षेत्र नम्बर-१ मा धनन्जय रेग्मी, क्षेत्र नम्बर-२ मा झविलाल डुम्रे, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) क्षेत्र नम्बर-१ मा राजन गौतम, क्षेत्र नम्बर-२ मा मनिष खनाल, बागलुङ क्षेत्र नम्बर-१ मा सुशील खड्का र क्षेत्र नम्बर-२ मा सोम शर्मा तथा पर्वत क्षेत्र नम्बर-१ मा सागर भुसाल विजयी भएको आयोगले जनाएको छ ।

यता, गुल्मी क्षेत्र नम्बर-१ मा सागर ढकाल र क्षेत्र नम्बर-२ मा गोविन्द पन्थी, पाल्पा क्षेत्र नम्बर-२ मा माधवबहादुर थापा, अर्घाखाँची क्षेत्र नम्बर-१ मा हरिप्रसाद भुसाल, रुपन्देही क्षेत्र नम्बर-१ मा सुनिल लम्साल, क्षेत्र नम्बर-२ मा सुलभ खरेल, क्षेत्र नम्बर-३ मा डा लेखजंग थापा, क्षेत्र नम्बर-४ मा कन्हैया बनियाँ र क्षेत्र नम्बर ५ मा तौफिक अहमद खान निर्वाचित भएका छन् । कपिलवस्तु क्षेत्र नम्बर-१ मा मोहनलाल आचार्य र क्षेत्र नम्बर-२ मा विक्रम थापा, प्यूठान क्षेत्र नम्बर-१ मा सुशान्त वैदिक, दाङ क्षेत्र नम्बर-१ मा देवराज पाठक, क्षेत्र नम्बर-२ मा विपिनकुमार आचार्य र क्षेत्र नम्बर-३ मा कमल सुवेदी, बाँके क्षेत्र नम्बर-१ मा कमल सुवेदी र क्षेत्र नम्बर-३ मा खगेन्द्र सुनार र बर्दिया क्षेत्र नम्बर-१ मा ठाकुरसिंह थारू र क्षेत्र नम्बर-२ मा श्रीधर पोखेल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्र नम्बर-१ मा विक्रम खनाल र क्षेत्र नम्बर-२ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित भएको आयोगले जनाएको छ ।

सुर्खेत निर्वाचन क्षेत्र नम्बर-२ मा रमेशकुमार सापकोटा, सुदूरपश्चिम प्रदेशको कैलाली क्षेत्र नम्बर-१ मा कोमल ज्ञवाली, क्षेत्र नम्बर-२ मा केपी खनाल, क्षेत्र नम्बर-३ मा जगतप्रसाद जोशी, क्षेत्र नम्बर-४ मा खेमराज कोइराला र क्षेत्र नम्बर-५ मा आनन्दबहादुर चन्द, बैतडी क्षेत्र नम्बर-१ मा हरिमोहन भण्डारी, डडेल्धुरा क्षेत्र नम्बर-१ मा ताराप्रसाद जोशी, कञ्चनपुर क्षेत्र नम्बर-१ मा जनकसिंह धामी, क्षेत्र नम्बर-२ मा दीपकराज बोहरा र क्षेत्र नम्बर ३ मा ज्ञानेन्द्रसिंह महता निर्वाचित भएका छन् ।

यसैगरी, नेपाली कांग्रेसबाट प्रत्यक्षमा निर्वाचित १८ मध्ये चार जनाबाहेक सबै नयाँ अनुहार छन् । सो पार्टीबाट पाँचथर क्षेत्र नम्बर-१ मा नरेन्द्रकुमार केरुङ, इलाम क्षेत्र नम्बर-१ मा निश्कल राई, तेह्रथुम क्षेत्र नम्बर-१ मा सन्तोष सुब्बा, सोलुखुम्बु क्षेत्र नम्बर-१ मा प्रकाश सिंह कार्की, रौतहट क्षेत्र नम्बर-२ मा फिरदोश आलम, रसुवा क्षेत्र नम्बर-१ मा मोहन आचार्य, मनाङ क्षेत्र नम्बर-१ मा टेकबहादुर गुरुङ र मुस्ताङ क्षेत्र नम्बर-१ मा योगेश गौचन थकाली निर्वाचित भएका छन् ।

त्यस्तै, पाल्पा क्षेत्र नम्बर-१ मा सन्दीप राना, कपिलवस्तु क्षेत्र नम्बर-३ मा अभिषेकप्रताप शाह, मुगु क्षेत्र नम्बर-१ मा खड्ग शाही, हुम्ला क्षेत्र नम्बर-१ मा जयपति रोकाया, जाजरकोट क्षेत्र नम्बर-१ मा खडकबहादुर बुढा, दैलेख क्षेत्र नम्बर-१ मा बासना थापा, सुर्खेत क्षेत्र नम्बर-१ मा विष्णुबहादुर खड्का, बाजुरा क्षेत्र नम्बर-१ मा जनकराज गिरी, अछाम क्षेत्र नम्बर-१ मा भरतकुमार स्वार र डोटी क्षेत्र नम्बर-१ मा भरतबहादुर खड्का निर्वाचित भएका छन् ।

यता, नेपाल कम्युनिस्ट पार्टी (एमाले)तर्फबाट विजयी ९ मध्ये तीन नयाँ अनुहार छन् । सो पार्टीबाट निर्वाचित प्रत्यक्षतर्फको सांसद सदस्यमा ताप्लेजुङ क्षेत्र नम्बर-१ मा क्षितिज थेबे, इलाम क्षेत्र नम्बर-२ मा सुहाङ नेम्वाङ, संखुवासभा क्षेत्र नम्बर-१ मा अर्जुनकुमार कार्की, धनकुटा क्षेत्र नम्बर-१ मा राजेन्द्रकुमार राई, बाँके क्षेत्र नम्बर-२ मा मोहम्मद इश्तियाक राई, दैलेख क्षेत्र नम्बर-२ मा लक्ष्मीप्रसाद पोखरेल, अछाम क्षेत्र नम्बर-२ मा यज्ञबहादुर बोगटी, बझाङ क्षेत्र नम्बर-१ मा ऐनबहादुर महर र दार्चुला क्षेत्र नम्बर-१ मा गणेशसिंह ठगुन्ना विजयी भएको आयोगले जनाएको छ ।

नेपाली कम्युनिस्ट पार्टीबाट निर्वाचित आठमध्ये तीन जना संघीय संसद्मा नयाँ अनुहार छन् । सो पार्टीबाट धनुषा क्षेत्र नम्बर-१ मा मातृकाप्रसाद यादव, सिन्धुपाल्चोक क्षेत्र नम्बर-२ मा युवराज दुलाल, रुकुम (पूर्वीभाग) क्षेत्र नम्बर-१ बाट पुष्पकमल दाहाल 'प्रचण्ड', रोल्पा क्षेत्र नम्बर-१ बाट वर्षमान पुन, सल्यान क्षेत्र नम्बर-१ बाट रमेशकुमार मल्ल, डोल्पा क्षेत्र नम्बर-१ बाट धनबहादुर बुढा, कालिकोट क्षेत्र नम्बर-१ बाट महेन्द्रबहादुर शाही र रुकुम (पश्चिम भाग) क्षेत्र नम्बर-१ बाट गोपाल शर्मा विजयी भएका छन्। यस निर्वाचनदेखि उदाएको श्रम संस्कृति पार्टीबाट विजयी तीनै जना नयाँ अनुहारका छन् । सो पार्टीबाट भोजपुर क्षेत्र नम्बर-१ मा ध्रुवराज राई, सुनसरी क्षेत्र नम्बर-१ बाट हर्कराज राई र खोटाङ क्षेत्र नम्बर-१ बाट आरेन राई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जुम्ला क्षेत्र नम्बर-१ मा ज्ञानबहादुर शाही पुरानै सांसद हुन् । म्याग्दी क्षेत्र नम्बर-१ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन नयाँ अनुहारका रूपमा विजयी भएका छन् ।

### समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा

२१ फागुनमा सम्पन्न समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना अन्तिम चरणमा पुगेको छ । मंगलबार अपराह्न २ बजेसम्म १ करोड पाँच ५ मतगणना भइसकेको थियो । निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर केसीका अनुसार समानुपातिकतर्फको मतगणना मंगलबार साँझसम्म सकिने अनुमान गरिएको छ। मंगलबार अपराह्न २ बजेसम्मको गणनाअनुसार छ राजनीतिक दलले कुल गणना मतको तीन प्रतिशत मत कटाएका छन् । समानुपातिकतर्फ १ सय १० सिटका लागि ५७ राजनीतिक दलले प्रतिस्पर्धा गरेका थिए ।

# अपराध नियन्त्रणबाट नीति निर्माणसम्म थापाको यात्रा

**सुशील गैरे/राजधानी**
कपिलवस्तु, २६ फागुन

कहिलेकाहीँ जीवनले मानिसलाई यस्ता मोडहरूमा ल्याइपुर्‍याउँछ जहाँ पुरानो परिचय भन्दा नयाँ जिम्मेवारी ठूलो बन्न थाल्छ । कपिलवस्तु-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका विक्रमसिंह थापाको जीवन पनि यस्तै यात्राको उदाहरण बनेको छ। एक समय अपराधी र गुण्डागर्दी नियन्त्रणका लागि परिचित प्रहरी अधिकृतका रूपमा चिनिएका उनी अहिले जनताको मतबाट संसद्मा पुगेका छन्। पूर्ववरिष्ठ प्रहरी अधिकृत थापाले आफ्नो जीवनको सबैभन्दा सक्रिय समय प्रहरी सेवामा बिताए । अपराध अनुसन्धान, गुण्डागर्दी नियन्त्रण तथा तराई क्षेत्रमा सक्रिय भूमिगत समूहविरुद्ध कठोर कारबाहीका कारण उनी प्रहरी संगठनभित्र मात्रै नभई समाजमा पनि परिचित नाम बने । कडा अनुशासन, स्पष्ट निर्णय क्षमता र जोखिमपूर्ण जिम्मेवारी सम्हाल्न सक्ने अधिकृतका रूपमा उनको छवि बनेको थियो । त्यही कारण अहिले उनी राजनीतिमा प्रवेश गर्दा धेरैले उनलाई फरक पृष्ठभूमिबाट आएको नेताका रूपमा हेरेका छन् ।

### प्रहरी जीवनबाट सार्वजनिक सेवाको अर्को चरण

विक्रमसिंह थापा २०४६ सालमा प्रहरी निरीक्षक (इन्स्पेक्टर) पदमा भर्ना भएका थिए। त्यही ब्याचमा पछि प्रहरी संगठनको नेतृत्व सम्हालेका सर्वेन्द्र खनाल र चर्चित पूर्व प्रहरी अधिकृत रमेश खरेल पनि थिए । लामो समय प्रहरी सेवामा सक्रिय रहँदै उनले काठमाडौं, ललितपुर, बाँके, रुपन्देही र कपिलवस्तुलगायतका जिल्लामा महत्वपूर्ण जिम्मेवारी सम्हाले । विभिन्न जिल्लाको कमान्ड सम्हाल्दा उनले अपराध नियन्त्रण र शान्ति सुरक्षाको क्षेत्रमा प्रभावकारी भूमिका खेलेको भन्दै सहकर्मीहरूबीच अब्बल अधिकारीका रूपमा परिचित थिए । लामो सेवा यात्रा पूरा गर्दै उनी २०७३ सालमा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) पदबाट सेवा निवृत्त भए। प्रहरी जीवन समाप्त भएपछि पनि सार्वजनिक जीवनप्रतिको उनको रुचि भने समाप्त भएन ।

### गुल्मीको विद्यार्थीदेखि प्रहरी अधिकृतसम्म

थापाको जन्म गुल्मी जिल्लामा भएको हो । उनले आफ्नो प्रारम्भिक शिक्षा गुल्मीमै पूरा गरेका थिए । गुल्मीको महेन्द्र माध्यमिक विद्यालयबाट २०३७ सालमा एसएलसी उत्तीर्ण गरेका उनी उच्च शिक्षाका लागि भारत पुगे । भारतको बनारसस्थित उदय प्रताप कलेजबाट उनले विज्ञान संकायमा स्नातक (बीएससी) पूरा गरे । विद्यालय जीवनदेखि नै अन्याय, अत्याचार, विभेद, भ्रष्टाचार र बेथितिविरुद्ध आवाज उठाउने स्वभावका कारण उनी साथीहरूकीच फरक पहिचान बनाएका विद्यार्थी थिए । पढाइमा अब्बल हुनुका साथै अनुशासन र न्यायका विषयमा दृढ स्वभावका कारण नै उनले पछि प्रहरी सेवामा प्रवेश गरेर आफ्नो क्षमता देखाउने अवसर पाए ।



विक्रमसिंह थापा ✓

### कपिलवस्तु बन्यो कर्मथलो

यद्यपि जन्मभूमि गुल्मी भए पनि पछिल्ला डेढ दशकभन्दा बढी समय उनले कपिलवस्तुलाई आफ्नो कर्मथलो बनाएका थिए । प्रहरी सेवाको सिलसिलामा यहाँ काम गर्दा उनी स्थानीय समाजसँग नजिकिँदै गए । कपिलवस्तुमा काम गर्दा उनले विभिन्न सुरक्षा चुनौतीहरू सामना गर्दै अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेका थिए । यसले गर्दा स्थानीय समाजमा उनको पहिचान प्रहरी अधिकृतका रूपमा मात्रै नभई सक्रिय सार्वजनिक व्यक्तित्वका रूपमा पनि बन्न थाल्यो ।

### राजनीतिमा प्रवेश

प्रहरी सेवाबाट सेवा निवृत्त भएपछि थापा २०७४ सालदेखि राजनीतिमा सक्रिय भए । सुरुमा उनी नेपाली कांग्रेससँग जोडिए । २०७९ सालको प्रदेशसभा निर्वाचनमा उनी कपिलवस्तु-२ (क) बाट उम्मेदवार बने । तर त्यो चुनाव उनको लागि सफल भएन । उनले ५२२ मतको झिनो अन्तरले हार बेहोर्नुपर्‍यो । यद्यपि सो हारले उनलाई राजनीतिबाट टाढा पुर्‍याएन । उनी निरन्तर सार्वजनिक जीवनमा सक्रिय रहिरहे । २०८२ सालको प्रतिनिधिसभा निर्वाचनका लागि कपिलवस्तु-२ बाट कांग्रेसका सम्भावित उम्मेदवारमध्ये उनको नाम पनि सिफारिस भएको थियो । तर अन्ततः पार्टीबाट टिकट नपाएपछि उनले नयाँ राजनीतिक निर्णय लिए ।

### रास्वपाबाट चुनावी मैदान

कांग्रेसबाट टिकट नपाएपछि थापा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरे । नयाँ पार्टीबाट चुनाव लड्ने निर्णय उनले लिए र प्रतिनिधिसभा सदस्यका लागि कपिलवस्तु-२ बाट उम्मेदवार बने । त्यो चुनाव निकै प्रतिस्पर्धात्मक थियो । यस क्षेत्रमा विभिन्न दलका १६ जना उम्मेदवार र ११ जना स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा थिए । तर अन्ततः परिणामले थापाको पक्ष लियो ।

### पुराना नेतामाथि जित

कपिलवस्तु-२ को चुनावमा उनले दुई जना अनुभवी नेताहरूलाई पराजित गरे । पाँचौं जितको खोजीमा रहेका पूर्वमन्त्री बृजेशकुमार गुप्ता र तेस्रो जितको लक्ष्यमा रहेका अर्का पूर्व मन्त्री सुरेन्द्रराज आचार्यलाई उनले पछाडि पार्दै विजय हासिल गरे । यो जितसँगै थापा पहिलो पटक संघीय संसदमा प्रवेश गर्न सफल भए ।

### 'राजनीति पनि सेवा हो'

६३ वर्षको उमेरमा संसद् पुगेका थापा राजनीतिलाई सेवा गर्ने माध्यमका रूपमा हेर्ने बताउँछन् । प्रहरी सेवामा हुँदा उनले जनताको सुरक्षा र शान्ति कायम राख्ने जिम्मेवारी निभाएका थिए । उनका अनुसार अब त्यही अनुभवलाई राजनीतिमार्फत समाज र देशको हितमा प्रयोग गर्ने लक्ष्य रहेको छ । 'म राजनीतिलाई सेवाका रूपमा लिन्छु,' उनले भनेका छन्, 'पहिले शान्ति सुरक्षा कायम गराउने कामबाट जनतासँग जोडिएको थिएँ । अब राजनीतिबाट जनताको हितका काममा जोडिन चाहन्छु ।'

### नयाँ जिम्मेवारी, नयाँ अपेक्षा

प्रहरी संगठनमा अनुशासन र कर्तव्य निष्ठाका कारण स्थापित थापा अब संसदीय भूमिकामा प्रवेश गरेका छन् । कपिलवस्तु-२ का मतदाताले उनलाई नयाँ अनुहारका रूपमा संसद् पठाएका छन् । यसले गर्दा स्थानीय स्तरमा विकास, सुशासन र सुरक्षासम्बन्धी मुद्दामा उनले प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ । प्रहरी सेवाबाट सुरु भएको उनको सार्वजनिक जीवन अहिले नयाँ चरणमा पुगेको छ । अपराध नियन्त्रण र शान्ति सुरक्षाको कमान्ड सम्हालेका विक्रमसिंह थापा अब नीति निर्माणको केन्द्र संसद्मा बसेर जनताको अपेक्षा पूरा गर्ने जिम्मेवारीमा छन् ।

कडा प्रहरी अधिकृतबाट जनप्रतिनिधिसम्मको उनको यात्रा अहिले धेरैका लागि चासो र चर्चा दुवैको विषय बनेको छ ।

स्व. महेन्द्र शेरचनद्वारा स्थापित राजधानी न्युज पब्लिकेशन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, सरस्वतीनगर, चाबहिल, पो.ब.नं. ८०३० काठमाडौं, फोन : ४८११०८०/४८१३०२९/३०/३१/३२, E-mail : rajdhaninews@gmail.com, अध्यक्ष : सचिन शेरचन, प्रबन्ध निर्देशक : आशिष शेरचन, सम्पादक : डिल्ली आचार्य

CMYK